# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३३२ | काठमाडौं | बिहीबार, १८ चैत २०८२ | Prabhab National Daily | Wednesday, 01 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## सभामुख रास्वपाबाट पक्का, उपसभामुख खोज्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रतिनिधिसभामा सभामुख चयनको प्रक्रिया छिटो अघि बढाउनुपर्ने तयारीमा लागेको छ। भोलि बिहीबार संसद्को पहिलो बैठक बसेसँगै सभामुख चयनको प्रक्रिया अघि बढाउनुपर्ने रास्वपाको जोड देखिन्छ।

संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख चयन गरिसक्नुपर्ने संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरी बताउँछन्। यसैअनुसार सभामुखको निर्वाचन प्रक्रिया अघि बढाउनेबारे छलफल चलिरहेको गिरीले बताए।

तर रास्वपा भने चैत २२ गते नै सभामुखको निर्वाचन गराउनुपर्ने तयारीका साथ अघि बढेको एक नेताले बताए। प्रतिनिधिसभा नियमावली नियम ७ मा सभामुखको निर्वाचनसम्बन्धी व्यवस्था छ। यहीअनुसार प्रतिनिधिसभाको ज्येष्ठ सदस्यले तोकेको दिन र समयमा सभामुखको निर्वाचन हुने छ। यसको सूचना महासचिव वा उनको अनुपस्थितिमा सचिवले प्रकाशन गर्ने छ।

सभामुखमा एक जनाकोमात्र

- प्रतिनिधिसभामा १८२ सिट रहेको रास्वपाबाट सभामुख बन्ने निश्चित
- उपसपभापति डोलप्रसाद अर्याललाई सभामुख बनाउने तयारीमा रास्वपा
- सभामुख र उपसभामुख फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने संवैधानिक व्यवस्था
- उपसभामुखमा दाबी गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस मौन
- आजको बैठकमा सभामुखको निर्वाचन मिति तय हुने संसद्को ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीको भनाइ

उम्मेदवारी परेमा निर्विरोध निर्वाचित भएको घोषणा हुन्छ भने दुई वा दुईभन्दा बढी उम्मेदवारी परे निर्णयार्थ प्रस्तुत गरिन्छ। प्रतिनिधिसभामा रास्वपाको १८२ सिट रहेकोले सभामुख सोही पार्टीले लिने निश्चित भइसकेको छ। रास्वपाले उपसपभापति डोलप्रसाद अर्याललाई सभामुख बनाउने तयारी गरिसकेको छ। प्रतिनिधिसभामा रास्वपाबाहेक नेपाली कांग्रेसका ३८, नेकपा एमालेका २५, नेपाली कम्युनिस्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका सात, राष्ट्रिय प्रजातन्त्र पार्टीका पाँच र एक जना स्वतन्त्र सांसद छन्।

### कहिले हुन्छ सभामुखको निर्वाचन ?

संसद्को ज्येष्ठ सदस्य अर्जुननरसिंह केसी हुन्। केसीले संसद्को पहिलो बैठकका लागि एजेण्डा तय गर्न आज सर्वदलीय बैठक बोलाएका छन्। अधिवेशन आह्वान भइसकेपछि सामान्यत: कार्यव्यवस्था परामर्श समितिको बैठक बस्ने चलन छ। तर नयाँ संसद्मा उक्त समिति नभएकोले सर्वदलीय बैठक बोलाइएको संसद् सचिवालयले जनाएको छ।

सचिवालयका प्रवक्ता गिरीकाअनुसार सर्वदलीय बैठकले अधिवेशनको सभाको पहिलो बैठक सञ्चालन, प्रारम्भिक एजेण्डा चयन तथा कार्यतालिका व्यवस्थापनका विषयमा सहमति जुटाउने छ। 'निर्वाचनपछिको बैठक भएको हुनाले संसद्मा प्रतिनिधित्व गर्ने दलका नेताहरूले शुभकामना मन्तव्य राख्नेलगायत कार्यसूची रहन्छ।


क्रमश: पृष्ठ २ मा


संविधान संशोधनको गृहकार्य

## कार्यदल संयोजकको विज्ञतामाथि उठ्यो प्रश्न



जसको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्ने सरकारले निर्णय गर्‍यो नि। यसले वर्तमान सरकार, संवैधानिक व्यवस्था, संवैधानिक नैतिकता र संवैधानिक मूल्यमान्यताप्रति संवेदनशील र गम्भीर छैन भन्ने देखाउँछ।

■ **डा. भीमार्जुन आचार्य**
संविधानविद्



संविधान निर्माण भएको एक दशक पूरा भएपछि पुनरवलोकन गर्ने भनेकै थियौं। संशोधन गर्नुपर्ने छ। त्यसका लागि सरकारले प्रक्रिया अघि बढाएको ठीक छ तर व्यक्ति गलत भयो।

■ **रमणकुमार श्रेष्ठ**
वरिष्ठ अधिवक्ता



साँच्चै संविधान संशोधन गर्न सबै दलको प्रतिनिधित्वको अपेक्षा गरेको हो भने त्यहीस्तरको कार्यदलको खाँचो पर्छ। सरकारले आफ्ना लागि तयार गरेको हो भने यसमा भन्नु केही छैन।

■ **खिमलाल देवकोटा**
नेता, नेकपा




■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री बालेन्द्र शाहले संविधान संशोधनलाई प्राथमिकताका साथ अगाडि बढाएका छन्। प्रधानमन्त्री भएको तेस्रो दिनमै उनले 'संविधान संशोधन बहसपत्र' तयार गर्न कार्यदल बनाएका छन्। कार्यदलको नेतृत्व आफ्ना राजनीतिक सल्लाहकार असीम शाहलाई तोकेका छन्।

प्रधानमन्त्री शाहले असीमलाई संविधान संशोधन कार्यदलको नेतृत्व दिएने कदमको भने आलोचना सुरु भएको छ। असीम ती नेता हुन्, जसले छ वर्षअघि लेखेको एउटा स्टाटसले उनी राजा र राजतन्त्रतिर झुकाव राख्छन् भन्ने देखाउँछ। 'सुध्रिने मौका अब राजालाई दिनुपर्छ। राजा आऊ, देश बचाऊ,' उनले २० डिसेम्बर २०२० मा लेखेका थिए।

भलै उनी यतिबेला गणतन्त्र नेपालका प्रधानमन्त्री बालेनका राजनीतिक सल्लाहकार छन्। तर, राजनीतिक र वैचारिकरूपमा उनी संविधानविरोधी कित्ताबाट निर्देशित रहेको देखाउने भन्दै आलोचना सुरु भएको छ। फेरि, उनी न त संवैधानिक कानुनका ज्ञाता हुन् न त संविधानसभा सदस्य।

गम्भीर संवेदनशील मानिने संविधान संशोधनजस्तो विषयको बहसपत्र तयार गर्ने कार्यदलको जिम्मेवारी त्यस्ता व्यक्तिलाई दिनुलाई संवैधानिक कानुनका जानकारहरूले चिन्ता प्रकट गरेका छन्। कार्यदलमा सदस्यहरू संसद्मा प्रतिनिधित्व गर्ने दलबाट संलग्न गराउने सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले बताएका छन्। तर, संवैधानिक कानुनको क्षेत्रमा ख्यातीप्राप्त व्यक्तिको अगुवाइमा संविधान संशोधन गर्नुपर्ने भन्दै विज्ञहरूले असीमको कार्यदलमाथि प्रश्न उठाएका छन्।

संविधानविद् भीमार्जुन आचार्यले संविधान संशोधनबारे सरकारको निर्णयले संविधानको मूल्य र मान्यताकै मजाकको विषय बनाएको बताए। उनले प्रभावसँग भने, 'जसको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्ने सरकारले निर्णय गर्‍यो नि। यसले वर्तमान सरकार, संवैधानिक व्यवस्था, संवैधानिक नैतिकता र संवैधानिक मूल्य मान्यताप्रति संवेदनशील र गम्भीर छैन भन्ने देखाउँछ।' उनले संविधान सुधारको वा संविधानसँग जोडिएको यति जटिल र गम्भीर विषयलाई विषयान्तर गर्न खोजेको हो कि भन्ने शंका लागेको पनि बताए।

संवैधानिक कानुनका जानकार पूर्वमहान्यायाधिवक्ता रमणकुमार श्रेष्ठले संविधान संशोधन प्रक्रिया अघि बढाउनु सकारात्मक भएको तर कार्यदल संयोजक उपयुक्त व्यक्ति नभएको बताए। उनले भने, 'संविधान निर्माण भएको एक दशक पूरा भएपछि पुनरवलोकन गर्ने भनेकै थियौं। संशोधन गर्नुपर्ने छ र त्यसका लागि सरकारले प्रक्रिया अघि बढाएको ठीक छ तर व्यक्ति गलत भयो।' उनले असीमको नेतृत्वमा बनेको कार्यदल सर्वस्वीकार्य नहुने बताए।

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संविधान संशोधन नै गर्ने हो भने सबैलाई अनुकूल हुनेगरी 'एडभाइजरी कमिटी' बनाउनुपर्ने धारणा राखे। उनका अनुसार उक्त कमिटीलाई संविधानमा संशोधन गर्नुपर्ने विषय के-के हो ? त्यो ल्याउन लाउने र संविधानमा समेट्ने कार्य गर्नुपर्ने बताए। उनले संविधानको संशोधनलाई मजाकको विषय बनाउन नहुनेसमेत उल्लेख गरे। 'अहिले जसको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्ने भनियो, त्यो मजाक गर्न खोजिएजस्तो लाग्छ, यस्तो संवेदनशील विषयमा,' उनले भने, 'यसबाट सरकार पछाडि हट्नुपर्छ।'

उनले संविधानमा थुप्रै कमजोरी रहेको भन्दै संशोधन गर्नुपर्ने भए पनि संविधानको आधारभूत ज्ञान नभएको व्यक्तिलाई अघि सार्नु राम्रो नभएको बताए। उनले विज्ञको नेतृत्वमा कार्यदल गठन गर्नुपर्ने र त्यस्तो कार्यदल सर्वस्वीकार्य हुने बताए।

दलहरूले पनि प्रधानमन्त्री शाहले संविधान संशोधन बहसपत्र तयार गर्न जसलाई नेतृत्व दिए, त्यसप्रति असहमति प्रकट गरेका छन्।


क्रमश: पृष्ठ २ मा


सन्दर्भ: वैदेशिक रोजगार

## सरकारी अस्पतालबाट पनि श्रमिकको स्वास्थ्य परीक्षण गराउने श्रममन्त्रीको निर्णय

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकले अब सरकारी स्वास्थ्य संस्थाबाट पनि स्वास्थ्य परीक्षण गराउन पाउने भएका छन्। मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले सरकारबाट स्वीकृति प्राप्त वा सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थालाई परीक्षणका लागि सूचीकरण खुला गर्ने निर्णय गरेका हुन्।

उक्त निर्णयसँगै स्वस्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को दफा (३) मा रहेको व्यवस्थाबमोजिम सूचीकरणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ को उपदफा (१)मा रोजगारीमा जाने श्रमिकले सरकारबाट स्वीकृति लिएका स्वास्थ्य संस्थाबाट परीक्षण गराउनपर्ने भनिएको छ। त्यस्तै, वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५ (क) को उपनियम (९) मा रोजगारीमा जाने श्रमिकको स्वास्थ्यपरीक्षण सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्थाबाट गर्न कुनै बाधा नहुने व्यवस्था छ। सोहीअनुसार यो निर्णय गरिएको मन्त्रालयले स्पष्ट पारेको छ।

यो निर्णय कार्यान्वयनमा आए रोजगारीमा जाने श्रमिकले आफ्नो इच्छाअनुसार सरकारी या निजी संस्थाबाट स्वास्थ्य परीक्षण गराउन पाउने छन्। यसका लागि सरकारी स्वास्थ्य संस्थाले प्रक्रिया पूरा गर्नुपर्ने भएकाले केही समय लाग्ने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए। 'सरकारी अस्पताल र सरकारबाट स्वीकृत स्वास्थ्य संस्थालाई पनि रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणका लागि खुला गर्ने निर्णय भएको छ। यसलाई समय लाग्छ,' उनले भने, 'मन्त्रालयले दर्ता हुनका लागि सूचना निकालेपछि उनीहरू सूचीकृत हुन्छन्।


क्रमश: पृष्ठ २ मा


## अभिमुखीकरण शुल्क ७०० भन्दा बढी लिने संस्था खारेज गरिने

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा जाने श्रमिकको पूर्वप्रस्थान अभिमुखीकरणको शुल्क ७०० रूपैयाँभन्दा बढी लिने संस्थाको इजाजतपत्र खारेज हुने भएको छ। वैदेशिक रोजगार विभागले मंगलबार सूचना जारी गर्दै श्रमिकसँग ऐनविपरीत बढी शुल्क लिएको पाइए कारबाही गरिने चेतावनी दिएको हो।

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को दफा १६ मा एक जना प्रशिक्षार्थीले तालिम लिएबापत ७०० रूपैयाँ तिर्नुपर्ने व्यवस्था छ। विभागले अभिमुखीकरण तालिम दुई दिन नै सञ्चालन हुने र त्यसको शुल्क ७०० रूपैयाँमात्रै रहेको जनाएको छ। शुल्क बढाइएको विषय सत्य नभएको भन्दै विभागले २०८१ असोज १३ गतेसमेत प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको थियो। सरकारले भन्दाभन्दै पनि बढी शुल्क लिएको गुनासो आएकाले तोकिएको शुल्कभन्दा बढी लिने संस्थाको इजाजतपत्र वैदेशिक रोजगार ऐन, २०६४, नियमावली २०६४ तथा कार्यविधि बमोजिम स्वत: रद्द हुने विभागले जनाएको छ।


क्रमश: पृष्ठ २ मा



**एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरुरी सूचना !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोन: ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

पृष्ठ १ बाट क्रमशः

## कार्यदल संयोजकको...

नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले संविधान खेलाँचीको दस्तावेज नभएको बताए । उनले भने, 'हामीले त्यत्रो सघन छलफल गरेर संविधान बनाएका हौं । कार्यान्वयनको क्रममा केही कमिकमजोरी देख्यौं र संशोधन गर्नुपर्ने अवस्था देख्यौं तर सरकारले बहसपत्रका लागि सारेको पात्र उपयुक्त भएन ।'

नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले संविधान संशोधनलाई सरकारले हलुका ढंगले लिएको पाइएको बताएका छन् । उनले यति संवेदनशील विषयमा कुन तहको व्यक्तिले नेतृत्व वा अगुवाइ गर्ने भन्ने पनि महत्त्वपूर्ण हुने पनि बताए । 'पूर्वसंविधान निर्माता वा विषयविज्ञहरूले नेतृत्व गरेको भए यसको गरिमा कायम रहन्थ्यो, त्यो काम भएको देखिएन,' उनले भने, 'बरु यसलाई सरकारले अत्यन्तै हलुका ढंगले उठान गरेको देखियो ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता तथा संविधानका जानकार खिमलाल देवकोटाले शाह नेतृत्वको कार्यदल सरकारको गृहकार्यका लागि हो या संविधान नै संशोधन गर्न हो भन्ने प्रस्ट नभएको बताए । 'साँच्चै संविधान संशोधन गर्न सबै दलको प्रतिनिधित्वको अपेक्षा गरेको हो भने त्यहीस्तरको कार्यदलको खाँचो पर्छ, सरकारले आफ्ना लागि तयार गरेको हो भने यसमा भन्नु केही छैन,' उनले भने ।

गत वर्षदेखि नै संविधान संशोधनको बहस उठेको हो । खासगरी शासकीय प्रणाली र निर्वाचन प्रणालीमा वर्तमान संविधानमा भएको व्यवस्था संशोधन गर्नुपर्ने माग भएको थियो । १७ असार २०८१ मा कांग्रेस र एमालेको संयुक्त सरकार बन्दा पनि संविधान संशोधनको एजेण्डा समावेश थियो । तर, संशोधनको प्रक्रिया थालनी भएन । हालै बालेन्द्र सरकारले प्रक्रिया थाल्यो तर संविधानबारे जानकारी नभएका नेतालाई अघि सार्दा सुरुमै विवादित बनेको छ ।

■■■

## सभामुख रास्वपाबाट...

सर्वदलीय बैठकमा यिनै विषयमा छलफल हुन्छ,' गिरीले भने । संसद्को पहिलो बैठकमा सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले जारी गरेका तीनवटा अध्यादेश पेस गर्ने र संसद्मा प्रतिनिधित्व गर्ने दलका नेताहरूले सम्बोधन गर्नेसहितको कार्यसूची पहिचान भइसकेको गिरीले बताए ।

साथै, सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया सुरु गर्ने विषयमासमेत छलफल हुने उनको भनाइ छ । आज १ बजे बस्ने बैठकमा दलका प्रतिनिधिहरूसँग छलफल गरी सभामुखको निर्वाचनको मिति तोकिने केसीले बताए । 'बैठकमा सबै दलका प्रतिनिधिले दिएको रायअनुसार सभामुखको निर्वाचन मिति तय हुने छ,' ज्येष्ठ सदस्य केसीले भने ।

सभामुखको निर्वाचनपछि उपसभामुखको निर्वाचन हुन्छ । उपसभामुखको निर्वाचन सभामुखले तोकेको मिति र समयमा हुने व्यवस्था छ । संविधानतः सभामुख र उपसभामुख फरक-फरक दलको र फरक लिंगको हुनुपर्छ । 'सभामुख र उपसभामुख फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ,' प्रवक्ता गिरीले भने । यद्यपि एकल उम्मेदवारी परेको अवस्थामा एकै दलको पनि हुन सक्छ । यसअघि नेकपा एमाले र तत्कालीन माओवादी केन्द्र मिलेर बनेको नेकपाले सभामुख र उपसभामुख आफ्नै दलबाट निर्वाचित गरेका थिए ।

रास्वपाका नेताहरू उपसभामुख कसलाई बनाउने भन्ने विषयमा छलफल भइनसकेको बताउँछन् । सभामुख र उपसभामुख दुवै संवैधानिक परिषद्का सदस्य हुन्छन् । यसैकारण पनि उपसभामुख कुन दलबाट प्रतिनिधित्व हुन्छन् भन्ने विषयलाई चासोका साथ हेरिन्छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले उपसभामुखमा दाबी गर्नेबारे कुनै निर्णय गरेको छैन ।

'हामीले उपसभामुखमा दाबी गर्ने विषयमा कुनै छलफल गरेका छैनौं, निर्वाचन तोकिएपछि छलफल गर्छौं,' कांग्रेस प्रवक्ता देवराज चालिसेले भने । नेकपा एमालेका नेताहरूले आफूहरू सडक आन्दोलनमा रहेकोले यो विषयमा कुनै छलफल नभएको बताएका छन् ।

संवैधानिक निकायका प्रमुख पदाधिकारीहरूको नियुक्तिका लागि सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद् रहने व्यवस्था संविधानमा छ । यसले प्रधानन्यायाधीश, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोगलगायतका निकायका प्रमुख तथा आयुक्तहरूको नाम सिफारिस गर्छ । परिषद्को सिफारिस संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि सम्बन्धित पदमा नियुक्ति हुने प्रावधान संविधानमा छ ।

■■■

## श्रमिकको स्वास्थ्य...

हाम्रो निर्देशिकाले भनेका मापदण्ड, भौतिक पूर्वाधार र परीक्षण गर्नका लागि चाहिने तयारी गरेपछि मन्त्रलायको विशेषज्ञ टोलीले अनुगमन गर्छ । अनुगमनमा योग्य भएपछि काम गर्न सक्छन् ।'

हाल साउदी अरब, ओमान र बहराइनको स्वास्थ्य परीक्षण गाम्काको नाममा १९ वटा संस्थाले गर्दै आएका छन् । त्यसैगरी, इजरायलका लागि नेपाल मेडिसिटी, हयाम्स, स्टार, मनमोहन अस्पताल र क्रिस्टल डाइग्नोस्टिक सेन्टर गरी पाँचवटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरिन्छ । कोरिया जाने श्रमिकहरूले वीर, शुक्रराज ट्रपिकल, नेपाल कोरिया फ्रेण्डसिप र सिभिल अस्पताल गरी चारवटा स्वास्थ्य संस्थाबाट परीक्षण गराइँदै आएका छन् । नयाँ नियमले स्वास्थ्य परीक्षणमा देखिएको सीमित संस्थाको एकाधिकार तोड्ने अपेक्षा गरिएको छ ।

### व्यवसायीका आ–आफ्नै तर्क

सरकारी स्वास्थ्य संस्थाबाट पनि स्वास्थ्य परीक्षण गराउने सरकारको तयारीप्रति व्यवसायीहरू असन्तुष्ट सुनिएका छन् । नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाइँ सरकारले करोडौं लगानी गर्न लगाएर यस्तो निर्णय गर्नु निजी क्षेत्रलाई निरुत्साहित गर्ने नियत भएको आरोप लगाए ।

'सरकार फेरिएपिच्छे हरेक वर्षजस्तो लगानी गर्न लगाइएको छ । व्यवसायीले करोडौं लगानी गरेका छन्,' उनले भने, 'भएका संस्थालाई व्यवस्थित गर्न छोडेर संख्यामात्र बढाउने अनि गुणस्तर कसरी कायम हुन्छ ? निजी संस्थालाई निरुत्साहित गर्न खोजेको प्रस्ट देखियो । त्यो नहोस् भन्ने हाम्रो कामना हो ।'

सरकारी संस्थासँग निजीले प्रतिस्पर्धा गर्न नसक्ने बजगाइँले बताए । संस्थाहरू बन्द हुने अवस्थामा पुग्दा यससँग जोडिएका धेरै पक्षलाई असर गर्ने उनको भनाइ छ । 'सरकारको मेसिन, सरकारी भवन, सरकारले तलब दिएर कर्मचारी राख्दा सेवा सस्तो हुन्छ । तर प्राइभेट सेक्टरले सबै आफैं गर्नपर्‍यो,' उनले भने, 'भोलि संस्थाहरू बन्द हुने भए भने रोजगार पाइरहेका श्रमिक, यसबाट आश्रित भएका परिवार विदेश जान बाध्य हुन्छन् । सरकारको निर्णय श्रमिक, राज्य र निजी क्षेत्र सबैको हितमा होस् ।'

अर्का एक व्यवसायीले सरकारको सबै निर्णय व्यवसायीको पक्षमा आउन आवश्यक नभएको बताए । व्यवसायीसँग कि व्यवसाय छोड्नुपर्ने कि सरकारी संस्थासँग प्रतिस्पर्धा गर्ने दुईवटा बाटो भएको उनले बताए । 'सबै व्यवसायीकै हितमा गर्नुपर्छ भन्ने छैन । मन्त्रालयले श्रमिकका लागि गर्ने काम त श्रमिकको हितमा हुनपर्‍यो नि,' ती व्यवसायीले भने, 'यस्तो हुँदा व्यवसायीले व्यवसाय फेर्न पर्ला, लगानी डुब्ला त्यो छुट्टै कुरा छ । तर जनताका लागि गर्छु भनेर आएको सरकारले जनताका लागि गर्दा गलत गर्‍यो कसरी भन्ने ? कि सरकारी अस्पतालसँग प्रतिस्पर्धा गर्नुपर्‍यो कि व्यवसाय फेर्नुपर्‍यो ।'

हाल रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्नका लागि २०० वटा स्वास्थ्य संस्था दर्ता छन् भने १९४ वटा सक्रिय छन् । एउटा स्वास्थ्य संस्था खोल्न दुईदेखि तीन करोड रूपैयाँसम्म लगानी आवश्यक पर्ने व्यवयासीको भनाइ छ । हरेक स्वास्थ्य संस्थाले १४ जना कर्मचारी र पाँच लाख रूपैयाँ धरौटी राख्नपर्ने प्रवधान रहेको छ ।

■■■

## अभिमुखीकरण शुल्क...

पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिएबापत संस्थाहरूले कामदारबाट दुई हजार १०० देखि दुई हजार ८०० रूपैयाँसम्म शुल्क उठाएको गुनासो श्रमिकहरूले गर्दै आएका छन् । तालिम प्रदायक संस्थाहरूले पनि अभिमुखीकरणको शुल्क परिमार्जन गर्नुपर्ने माग राख्दै आएका छन् । ऐनविपरीत तीनदेखि चार गुणा बढी शुल्क लिन बन्द नगरेपछि अटेर गर्नेको इजाजतपत्र खारेज गर्नेतर्फ सरकार अगाडि बढेको छ ।

# प्रहरी नायब निरीक्षक राउन घुस लिँदालिँदै पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरी वृत्त मालीगाउँमा कार्यरत प्रहरी नायब निरीक्षक दिनेश राउत सेवाग्राहीसँग २० हजार रूपैयाँ घुस लिँदालिँदै पक्राउ परेका छन् ।

बैंकिङ कसुरसम्बन्धी मुद्दामा जाहेरवालाको रकमफिर्तादिलाइदिन सहजीकरण गरिदिएबापत र उक्त मुद्दा मिलापत्र गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिँदै गरेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले मंगलबार उनलाई पक्राउ गरेको हो । घुसबापतको रकम र मोबाइल एक थानसहित उनलाई काठमाडौं महानगरपालिका वडा नं ५ स्थित गहनापोखरीबाट नियन्त्रणमा लिइएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।


**बिमालेख हरायो**

मिति २०८२/११/०३ गते काठमाडौंदेखि भक्तपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : गुल्जारी शाह**
**ठेगाना : राजदेभी–२, रौतहट**
**बिमालेख नं.: २५०७०४३८७**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४५६४४७६८**



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

**सूचना प्रकाशित मितिः २०८२/१२/१८**

**श्री पूर्ण बहादुर गुरुङकी** छोरी, **श्री हर्क बिर गुरुङकी** छोराबुहारी, **श्री भरत गुरुङकी** पत्नी **बागमती** प्रदेश, **नुवाकोट** जिल्ला **शिवपुरी गा.पा.** वडा नं. ४ बस्ने **श्रीमती ज्ञान माया भन्ने ज्ञानी मायाँ गुरुङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०२९७२** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०८/०१** मा निज खातावाला **श्रीमती ज्ञान माया भन्ने ज्ञानी मायाँ गुरुङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **बुहारी** नाता पर्ने **श्री शान्ती गुरुङले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती ज्ञान माया भन्ने ज्ञानी मायाँ गुरुङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३



**मलेसियामा रोजगार** कम्पनी : S CITY SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 331641 | चलानी नं. ६०२४५३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 1 | 0 | 1700 | ६३,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २५ देखि २७ गते (8 to 10th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu, Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



**मलेसियामा रोजगार** कम्पनी : FU HAO MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 340317 | चलानी नं. ६०२५३७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 18 | 0 | 1700 | ६३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २५ गते (8th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Sansar International Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



**मोरिशसमा रोजगार** कम्पनी : JEMANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 333966 | चलानी नं. ६०२५०३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 100 | 0 | 17710 | ५६,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stewards | 400 | 0 | 17710 | ५६,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी वडा नं.६, सुनसरीमा मितिः २०८२ चैत २९/३० र २०८३ वैशाख ३ गते (12/13/16th Apr. 2026) मा हुनेछ ।
नमस्ते जनप्रिय थकाली भान्छा घर एण्ड लज, पृथ्वी चोक वडा नं.८, पोखरामा मितिः २०८३ वैशाख २ गते (15th Apr. 2026) मा हुनेछ ।
झापा प्राविधिक शिक्षालय, वडा नं.४, बिर्तामोड, झापामा मितिः २०८३ वैशाख ४ गते (17th Apr. 2026) मा हुनेछ ।
संस्थाको कार्यालय, काठमाडौंमा मितिः २०८३ वैशाख ५ गते (18th Apr. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DOLPHIN HUMAN RESOURCE PVT. LTD.**
Jadibuti, Narephant-32, Kathmandu, Tel: + 977-1-5907440, 9851186532
9861644553 Email: dolphinhuman01@gmail.com
Govt. License 1656/080/081


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १८ चैत, २०८२

| | |
|---|---|
| **मेष** | मन प्रफुल्ल रहनेछ । विश्वासपात्रबाट सहयोग मिल्न सक्छ । |
| **वृष** | तनावले सताउनेछ । नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ । |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| **कर्कट** | रमाइलो भेटघाट हुनेछ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| **सिंह** | नयाँ योजनामा काम हुन सक्छ । आलस्य त्याग गर्नु राम्रो हुन्छ । |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| **तुला** | सम्मान प्राप्त हुने योग छ । श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | स्वास्थ्य गडबड हुन सक्छ । खानपिनमा ध्यान दिनु राम्रो हुन्छ । |
| **धनु** | दौडधुप बढ्नेछ । नयाँ कामको अवसर प्राप्त हुनेछ । |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| **मीन** | अहंकार बढेर जानेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ चैत, २०८२ (०१ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.४१ | १५२.०१ |
| युरो | १ को | १७४.३२ | १७५.०१ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.४१ | २०२.२० |
| स्विस फ्रेन्क | १ को | १८९.९२ | १९०.६७ |
| अस्ट्रेलियन डलर | १ को | १०४.३७ | १०४.७९ |
| क्यानाडियन डलर | १ को | १०९.३२ | १०९.७५ |
| सिङगापुर डलर | १ को | ११७.६४ | ११८.१० |
| जापानी येन | १० को | ९.४७ | ९.५१ |
| चिनियाँ युआन | १ को | २१.९१ | २१.९९ |
| साउदी अरब रियाल | १ को | ४०.३५ | ४०.५१ |
| कतारी रियाल | १ को | ४१.४४ | ४१.६१ |
| थाई भाट | ख १ को | ४.६० | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.२३ | ४१.३९ |
| मलेसियन रिङेट | १ को | ३७.७३ | ३७.८८ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.०५ | १६.११ |
| डेनिस क्रोनर | १ को | २३.३३ | २३.४२ |
| हङकङ डलर | १ को | १९.३३ | १९.४० |
| कुवेती दिनार | १ को | ४९३.७६ | ४९५.७१ |
| बहराइन दिनार | १ को | ४०१.५७ | ४०३.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# अनिवार्य अवकाशपछि प्रधानन्यायाधीश राउतको बिदाइ



**काठमाडौं (प्रस)–** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत सर्वोच्च अदालतबाट बिदा भएका छन् । उमेर हदका कारण सेवा निवृत्त भएका उनलाई मंगलबार बिदाइ गरिएको हो ।

प्रधानन्यायाधीश राउतलाई सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले बिदाइ गरेकी थिइन्। २०८१ असोज २० मा प्रधानन्यायाधीश नियुक्त भएका राउत ६५ वर्ष उमेरहदका कारण अनिवार्य अवकाश भएका हुन् । उनको अवकाशपछि आज (बुधबार)देखि वरिष्ठतम् न्यायाधीश मल्लले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने छिन् ।

प्रधानन्यायाधीशका लागि न्याय परिषद्ले सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा. मनोजकुमार शर्मा, डा नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको छ ।

प्रधानन्यायाधीशले अवकाश पाउनुभन्दा एक महिना अगाडि संवैधानिक परिषद्को बैठकले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । संसदीय सुनुवाइबाट अनुमोदन भएपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने व्यवस्था छ ।

# विद्यालय पाठ्यक्रममा विपद् उद्धारसम्बन्धी विषय राख्न गृहमन्त्रीको निर्देशन

**काठमाडौं (प्रस)–** गृहमन्त्री सुधन गुरुङले बालबालिकालाई सानै उमेरदेखि जीवनोपयोगी सीप विकास गराउने उद्देश्यले विद्यालय पाठ्यक्रममै विपद् उद्धारसम्बन्धी कार्यक्रम समावेशका लागि पहल गर्न निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालसँग मंगलबार भएको छलफलमा मन्त्री गुरुङले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी उक्त कार्यक्रम कार्यान्वयन गर्ने योजना ल्याउनुपर्ने बताएका हुन् । बालबालिकालाई प्राकृतिक विपद्का समयमा सुरक्षित रहने तरिका, प्राथमिक उद्धार सीप तथा सचेतनामूलक ज्ञान प्रदान गर्ने लक्ष्य मन्त्री गुरुङको रहेको छ । यस कार्यक्रममार्फत विद्यार्थीलाई व्यावहारिक ज्ञानसहित आपत्कालीन अवस्थाको सामना गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ । सम्बन्धित निकायहरूबीच आवश्यक सहकार्य गरी परियोजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गरिने मन्त्री गुरुङको सचिवालयले जनाएको छ ।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/१२/१८**

यस सिटिजन्स बैक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कपन, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति वि.सं.२०८२/०४/०८ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८२/०९/०८ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना र मिति वि.सं. २०८२/१०/१८ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं मा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र अन्य कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| नाम | : निलम गुरुङ तामाङ (घिसिङ) | नाम | : श्यामबहादुर घिसिङ (तामाङ) |
| बाबु | : मान सिं गुरुङ | बाबु | : रामबहादुर घिसिङ तामाङ |
| पति | : श्यामबहादुर घिसिङ (तामाङ) | बाजे | : दमै सिं घिसिङ तामाङ |
| ससुरा | : रामबहादुर घिसिङ तामाङ | ठेगाना | : तेमाल गा.पा. वडा नं. ८, काभ्रेपलाञ्चोक |
| ठेगाना | : मेच्छे गा.वि.स. वडा नं. ६, काभ्रेपलाञ्चोक | हाल | : गोकर्णेश्वर न.पा. वडा नं. ९, काठमाडौं |
| हाल | : गोकर्णेश्वर न.पा. वडा नं. ९, काठमाडौं | ना.प्र.नं. | : ९५१६० |
| ना.प्र.नं. | : ०१-०६७-८४३४ | जारी मिति | : बि.सं. २०५७/०९/०६ |
| जारी मिति | : बि.सं. २०६७/०५/१० | प्रतिलिपि मिति | : बि.सं. २०७४/०८/२९ |
| जि.प्र.का. | : काभ्रेपलाञ्चोक | जि.प्र.का. | : काभ्रेपलाञ्चोक |

**माथि उल्लेखित ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नाम: श्रीमती निलम गुरुङ तामाङ (घिसिङ)**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| काठमाडौं | कपन | ४/१०२०९४८१७ | ८४ | १७३.१० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा वा शाखा कार्यालय कपन, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/१२/२५ गते, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL


# १४ चिकित्सकको काज फिर्ता

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १४ जना चिकित्सकको काज फिर्ता गरेको छ । मन्त्रालयले डडेलधुरा अस्पताल, नारायणी अस्पताल वीरगञ्ज र गजेन्द्रनारायण सिंह अस्पताल सप्तरीमा दरबन्दी रहेका तर अयन्त्र काज गरिरहेका १४ जना चिकित्सकको काज फिर्ता गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले मन्त्रीस्तरीय निर्णय गर्दै पहिलो चरणमा नवौं र दशौं तहका १४ जना विशेषज्ञ चिकित्सकलाई उनीहरूको दरबन्दी रहेको अस्पतालमा फिर्ता पठाएकी हुन् । डडेलधुरा अस्पतालमा चार जना, नारायणी अस्पताल वीरगञ्जमा पाँच जना र गजेन्द्रनारायण सिंह अस्पताल राजविराज सप्तरीमा पाँच जना विशेषज्ञ चिकित्सक फिर्ता भएका छन् ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा डा. रोहिता बज्राचार्य, डा. जोसनलाल बज्राचार्य, डा. विशालकुमार देव, डा. प्रकाश ढकाल र डा. सुशील समदर्शी काज फिर्ता गरिएको छ ।

यस्तै, डडेलधुरा अस्पतालमा डा. सन्तोषकुमार गुप्ता, डा. मिसन्ता शर्मा, डा. नवीनचन्द्र भट्ट, डा. सुयोग्य वाग्ले तथा नारायणी अस्पताल वीरगञ्जमा डा. सोनीका धरी श्रेष्ठ, डा. सञ्जोग तिमिल्सिना, डा. अरुण ज्ञवाली, डा. मुकेश पौडेल र डा. दिपेश भट्टराईको काज फिर्ता गरिएको छ ।


मधेश प्रदेश सरकार
**भौतिक पूर्वाधर विकास मन्त्रालय**
**पूर्वाधर विकास निर्देशनालय**
## पूर्वाधर विकास कार्यालय
**रौतहट, गौर, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/१८ (1st April, 2026)**

यस कार्यालयबाट मिति २०८२/०८/१७ गतेको News24 राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सम्बन्धि सूचना bolpatra.gov.np/egp मा प्रकाशित गरी बोलपत्र आव्हानको सूचना अनुसार तपसिलका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सूचना र बोलपत्रमा मांग गरिए अनुसार योग्यताको आधारमा योग्य भई सारभूत रूपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२/१२/२५ (8th April, 2026) गते दिनको १२:०० बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारबाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | IDO/RAU/NCB/W/18/2081/082 | Rautahat Katahariya Na Pa 4 Ma Bato Staronnati | 1. Jay Bhawani Nirman Sewa, Malangwa-10, Sarlahi<br>2. RP Builders, Gaur-8, Rautahat<br>3. Sushim Construction, Pidariguthi-9, Parsa<br>4. Acharya Nirman Company Pvt. Ltd., Lalbandi-9, Sarlahi<br>5. Baba Ganinath Nirman Sewa, Dewahigonahi-9, Rautahat<br>6. Triyak-Sumit-Chaudhary JV, Pepsicola, Kathmandu<br>7. Gadhimai Riya-Shiv-Zishan JV, Kathariya-2, Rautahat<br>8. Moktan-RC Nistha JV, Lalbandi-6, Sarlahi<br>9. Janasewa-Chinnamasta-PP JV, Sapatri, Nepal<br>10. Munna Construction, Kathariya, Rautahat<br>11. Jay Maa Durga-Shree Ram JV, Hardiya-6, Rautahat<br>12. RDR-Rastra JV, Tarkeshwar-21, Kathmandu<br>13. Sonu Monu-Raja-Dhiraj JV, Baghwan, Kalaiya-14, Bara | |
| २ | IDO/RAU/NCB/W/20/2081/082 | Rautahat Katahariya Na Pa 8 Antargat Pokhariya Dekhi Baluwa Jane Bato Samma Sadak Starronnati | 1. RK Construction, Manpur-3, Sarlahi<br>2. RP Builders, Gaur-8, Rautahat<br>3. Surke/MR JV, Barathawa, Sarlahi<br>4. Munna Construction, Kathariya, Rautahat<br>5. Sushim-PP JV, Pidariguthi-9, Parsa<br>6. Bhupendra Construction, Kalaiya-6, Bara<br>7. DS Nirman Sewa, Dhusini-3, Kavre<br>8. Jay Maa Durga-Shree Ram JV, Hardiya-6, Rautahat<br>9. Bishwojit-RDR-Rastra JV, Tarkeshwor-21, Kathmandu | |
| ३ | IDO/RAU/NCB/W/25/2081/082 | Debahi Gonahi Na Pa 5 Rautahat Badaka Pipara Tolema Transform Dekhi Bhuta Daasko Ghar Samma Sadak Starronati | 1. RK Construction, Manpur-3, Sarlahi<br>2. RP Builders, Gaur-8, Rautahat<br>3. Jay Bhawani Nirman Sewa, Malangwa-10, Sarlahi<br>4. Munna Construction, Kathariya, Rautahat<br>5. Amit-Baba Ganinath JV, Dewahi Gonahi, Rautahat<br>6. Bhupendra Construction, Kalaiya-6, Bara<br>7. DS Nirman Sewa, Dhusini-3, Kavre<br>8. Jay Maa Durga-Shree Ram JV, Hardiya-6, Rautahat<br>9. Bishwojit-RDR-Rastra JV, Tarkeshwor-21, Kathmandu | |
| ४ | IDO/RAU/NCB/W/26/2081/082 | Fatuwa Bijaypur Na. Pa. 11 Garja Dekhi Botawa Rangi Samma Sadak Starronati Karya | 1. Bijayeshwori and Baibhab Builders, Kathmandu Baneshwar-10<br>2. Shah Nirman Sewa Pvt. LTd., Malangwa-10, Sarlahi<br>3. RK/Falgunanda JV, Manpur-3, Sarlahi<br>4. RajDevi Bhakta-Sahu JV, Chandrapur, Rautahat<br>5. Sharada-Amit-Baba Ganinath JV, Lipnimal-3, Bara<br>6. Chaudhary-RDR JV, Tarkeshwar-21, Kathmandu<br>7. Bhupendra-NM JV, Kalaiya-6, Bara<br>8. Ankit Construction, Bhikampur-3, Parsa | |
| ५ | IDO/RAU/NCB/W/27/2081/082 | Fatuwa Bijaypur Na. Pa. 7 Rautahat Fatuwa Dumariya, Ramdasi Samma Sadak Starronati Karya | 1. RK Construction, Manpur-3, Sarlahi<br>2. RP Builders, Gaur-8, Rautahat<br>3. Sammridhi/Ritesh JV, Paterwa Sugauli-5, Parsa<br>4. Baba Ganinath-Jay Shivshankar JV, Dewahi Gonahi, Rautahat<br>5. Sahu Construction, Pataura-5, Rautahat<br>6. NM Construction, Tikathali, Lalitpur<br>7. Moktan-RC Nistha JV, Lalbandi-6, Sarlahi<br>8. Bhupendra Construction, Kalaiya-6, Bara<br>9. DS Nirman Sewa, Dhusini-3, Kavre<br>10. Jay Maa Durga-Shree Ram JV, Hardiya-6, Rautahat<br>11. Bishwojit-RDR-Rastra JV, Tarkeshwor-21, Kathmandu | |
| ६ | IDO/RAU/NCB/W/29/2081/082 | Construction of Bridge in Jhajh River Connecting Yamunamai and Durgabhagwati GAPA | 1. Him Nirman Sewa, Tahachal-13, Kathmandu<br>2. Shah Nirman Sewa Pvt. Ltd., Malangwa-10, Sarlahi<br>3. Taj-Vision JV, Bahuari Birgunj-14, Parsa<br>4. Ankit Construction, Bhikhampur-3, Parsa | |

**कार्यालय प्रमुख**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सांसदसँग संवाद: प्रधानमन्त्रीको स्वागतयोग्य कदम

नेपालको संसदीय इतिहासमा प्रधानमन्त्रीले प्रत्यक्षरूपमा सांसदहरूसँग बसेर उनीहरूका क्षेत्रका समस्या सुन्ने र योजनाका बारेमा छलफल गर्ने संस्कृति निकै कम देखिन्छ । यसै सन्दर्भमा, प्रधानमन्त्री बालेन्द्र शाहले शासकीय सुधार र विकासका लागि सातै प्रदेशका सांसदहरूसँग सुरु गरेको छलफलको शृंखलाले नेपाली राजनीतिमा एक सकारात्मक र आशालाग्दो संकेत दिएको छ । प्रधानमन्त्री शाहले सुरु गरेको यो छलफल केवल औपचारिकतामा मात्र सीमित नभई विकासको कामका लागि तल्लो तहसम्म पुग्ने सरकारको चाहनाका रूपमा बुझ्न सकिन्छ ।

यस छलफलको सबैभन्दा सबल पक्ष भनेको प्रधानमन्त्रीले सत्तापक्ष र प्रतिपक्ष नभनी सबै दलका सांसदहरूलाई समान महत्त्व दिनु हो । जुम्लाबाट निर्वाचित राप्रपा सांसद ज्ञानेन्द्र शाहीले बुझाएको नौ बुँदे ध्यानाकर्षणपत्र र नेकपाका सांसद रमेश मल्लको सुझावलाई प्रधानमन्त्रीले दिएको प्राथमिकताले सरकार प्रतिपक्षलाई चिढ्याएर होइन, बरु विश्वासमा लिएर अगाडि बढ्न खोजेको देखिन्छ । लोकतन्त्रमा प्रतिपक्ष भनेको सरकारको रचनात्मक आलोचक र विकासको साझेदार पनि हो । प्रतिपक्षको आवाजलाई उचित स्थान दिँदा सरकारको निर्णय प्रक्रियामा समावेशितामात्र आउँदैन, बरु सरकारप्रतिको जनभरोसा पनि उल्लेख्यरूपमा बढ्दछ ।

छलफलका क्रममा सांसदहरूले उठाएका भौतिक पूर्वाधार, सडक स्तरोन्नति, शिक्षा, स्वास्थ्य, पर्यटन र विद्युत्‌जस्ता आधारभूत समस्याहरू वास्तविक धरातलका प्रतिनिधि हुन् । सोलुखुम्बुका सांसद प्रकाशसिंह कार्कीले उठाएका पर्यटन र विद्युत्‌का मुद्दा हुन् वा कर्णाली राजमार्गको स्तरोन्नतिमा ढिलाइ गर्ने ठेकेदारलाई कारबाही गर्ने ज्ञानेन्द्र शाहीको माग– यी सबै विषयले बजेट निर्माणमा ठोस मार्गनिर्देशन गर्ने छन् । प्रधानमन्त्री शाहले आगामी बजेटमा कसैलाई पनि विभेद नगरिने र सन्तुलित ढंगले बजेट विनियोजन गर्ने जुन प्रतिबद्धता जनाएका छन्, त्यो अत्यन्तै स्वागतयोग्य छ ।

विगतमा बजेट पहुँचवाला नेताका जिल्ला र निर्वाचन क्षेत्रमामात्र थुप्रिने जुन प्रवृत्ति थियो, त्यसलाई चिर्न यो प्रदेशगत सांसदहरूसँगको छलफल एउटा सशक्त हतियार बन्न सक्छ । दुर्गम क्षेत्रका समस्यालाई राजधानीको सिंहदरबारले आफ्नै समस्या ठानेर बजेटमा न्यायोचित सम्बोधन गरेमामात्र संघीयताको वास्तविक मर्म सार्थक हुने छ ।

संवाद आफैंमा समस्याको समाधान त होइन, तर समाधानको पहिलो खुड्किलो पक्कै हो । प्रधानमन्त्री शाहले देखाएको यो सक्रियता र शासकीय सुधारप्रतिको प्रतिबद्धता व्यवहारमा पनि उत्रिनु आवश्यक छ । सरकारले प्रतिपक्षी दलका सांसदहरूका मागलाई कार्यान्वयनको चरणमा लैजान सकेमा यसले राष्ट्रिय सहमतिको वातावरण निर्माण गर्ने छ । यदि बजेट विनियोजन पारदर्शी, सन्तुलित र विभेदरहित रह्यो भने यो कार्यकाल विकास र सुशासनको दृष्टिकोणले एक ऐतिहासिक कोसेढुंगा सावित हुने निश्चित छ ।

# एसइई परीक्षाको सेरोफेरो



❑ मनोहर कार्की

> “ अबको आवश्यकता हाम्रो शिक्षा पद्धति गरिखाने शिक्षा, सीपयुक्त र व्यावहारिक ज्ञानसहितको शिक्षाको हो । समयको मागअनुसार शिक्षण संस्था रूपान्तरित भई व्यावसायिक र सीपमूलक प्राविधिक शिक्षाप्रदायक हुन सक्नुपर्दछ । त्यसतर्फ विद्यार्थी आकर्षण गर्ने शिक्षा पद्धति अवलम्बन होस् । आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालय पद्धतिलाई मोफसल र विविध भूगोलमा सञ्चालन गर्न सकिएमा श्रमबजारमा अवसर सिर्जना भई निकै हदसम्म बेरोजगारी समस्या समाधान गर्ने सरकारी नीतिमा मद्दत पुग्ने देखिन्छ ।

वि. सं. १९९० बाट विद्यालय शिक्षा परीक्षाको थालनीका रूपमा एसएलसी परीक्षा मुलुकमा सञ्चालनमा आयो । लामो समयसम्म एसएलसी परीक्षाको नामबाटै चल्यो । यो तहको परीक्षा विद्यालय शिक्षाको अन्तिम परीक्षाका रूपमा जनजिब्रोमा पर्याय नै बन्न गयो । मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई राज्य सञ्चालनको मियोका रूपमा लिएपश्चात् शिक्षा क्षेत्रमा पनि संघीयताका छनक देखिए । संघीयतामा रूपान्तरित भएसँगै अघिल्ला केही वर्षदेखि एसइईका नाममा सञ्चालन हुँदै आएको छ । विधि र कानुनी व्यवस्थाले प्रदेशगतरूपमा सञ्चालन गर्ने परिपाटीलाई लिइए पनि हालसम्म पनि राष्ट्रियस्तरमा केन्द्रीकृत ढाँचामा सञ्चालन भइरहेको छ । आशा छ, आगामी वर्षमा क्रमभंग हुनेनै छ । नेपाली जनजिब्रोमा अझै पनि यसको सान्दर्भिकता र चासो रही रहनु जनसरोकारको विषय रहेको छ ।

मुलुकमा भर्खरै प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भई नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिइसकेका छन् । साथै मुलुकले देशको ४३औं प्रधानमन्त्रीका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहलाई संविधानको धारा ७६ (१) अनुसार मुलुकको प्रमुख कार्यकारी प्रधानमन्त्रीका रूपमा पाइसकेको छ । जनादेशसहितको सरकारले मुलुकको विकास, जनजीविकाका सवालमा छलाङ मार्नेमा द्विविधा नरहला ।

आमनिर्वाचन २०८२ को कारणले करिब दुई हप्ता पछि सरेर परीक्षा सञ्चालनको क्रममा छ । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) यही चैत १९ देखि २९ गतेसम्म सञ्चालन हुन गइरहेको छ । यो परीक्षाका लागि देशभरका एक हजार ९९१ परीक्षा केन्द्र कायम गरिएको छ । परीक्षामा पाँच लाख १० हजार परीक्षार्थी सहभागी हुने छन् जसमा दुई लाख ५७ हजार ५२७ छात्रा तथा दुई लाख ५२ हजार ४३४ छात्र रहेका छन् । यो संख्यामा ६७ हजार पुनःपरीक्षा दिने समूहका परीक्षार्थी रहेका छन् । यस वर्षको एसइईमा सहभागी हुने विद्यार्थीको संख्या गत वर्षको कूल परीक्षार्थीभन्दा चार हजारको हाराहारीका न्यून हो । सबैभन्दा बढी काठमाडौं जिल्लाबाट परीक्षामा सहभागी रहने छन् । मुस्ताङको एकमात्र परीक्षा केन्द्रबाट यस वर्षको एसइई परीक्षामा १९८ परीक्षार्थी सहभागी रहने छन् । परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का अनुसार यस वर्षको परीक्षाका लागि समग्रमा सबै तयारी पूरा भइसकेको छ ।

परीक्षा मूल्यांकन पद्धतिमा केही परिवर्तन तथा परिमार्जनले निरन्तरता पाइनै रहेको सम्भवतः आवश्यकताको सिद्धान्तका आधारमा मूल्यांकन विधि र प्रणालीमा सुधार गर्ने प्रयास आधिकारिक निकायले गर्दै आएको होला । न्यूनतम उत्तीर्णांक तथा अक्षरांक/ग्रेडिङ पद्धतिलाई समायोजितरूपमा मूल्यांकनको आधार बनाइएको छ । परीक्षालाई गुणस्तरीय र विद्यार्थीको ल्याकत परीक्षणमा यस किसिमको मापदण्ड केही कसिलो निश्चित रहला तर आशाको छनक दिनसक्ला । मूल्यांकन पद्धति फेरि घुमिफिरी रुम्जाटारकै सेरोफेरोमा आइपुगेको भान नपरोस् । न्यूनतम उत्तीर्णांक ल्याउनुपर्ने अनिवार्य प्रावधानले परीक्षा अवश्य पनि पेचिलो रहन्छ नै । यसको परीक्षण र मूल्यांकन पछिल्ला समय सन्दर्भमा निरन्तर रहला । शिक्षा आठौं संशोधन ऐन, २०७३ कार्यान्वयनमा आएसँगै कक्षा १० को एसइई र कक्षा १२ को परीक्षासम्बन्धी कार्यलाई राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने गरी राष्ट्रिय परीक्षा बोर्डको क्षेत्राधिकारभित्र आबद्ध गरिएको छ ।

कक्षा कोठाका पठनपाठन, विद्यार्थीको नियमित ल्याकत जाँचकी, शिक्षण सिकाइ र बुझाइमा सुधार ल्याउने प्रयास के कति भए र परीक्षार्थीको सिकाइ र बुझाइको परीक्षण नियमितरूपमा हुँदै आएको सरोकारवालाले दाबी र पैरवी गर्दै रहलान् । परीक्षाको संघारमा यसको परीक्षण र विद्यार्थीले हासिल गरेको विषयगत ज्ञानलाई परीक्षामा निखार्ने प्रयास गर्ने नै छन् । आशा गर्न सकिन्छ, यस वर्षको एसइई परीक्षामा विगतमाभन्दा तात्त्विक सुधार भई उत्साहजनक परिणाम दिने छ ।

परीक्षालाई समयानुकूल अनुशासित, मर्यादित तथा व्यवस्थितरूपमा सम्पन्न गर्ने दिशामा शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्डले आफ्नो तर्फबाट गरी आएको भूमिका तथा व्यवस्थापनका सवालमा अन्य सरोकारवाला निकायहरूको सहकार्यसमेत अपरिहार्य छ । विशेषतः परीक्षाको न्यूनतम मान्यता कायम राख्ने, परीक्षार्थीमैत्री तथा भयरहित वातावरणमा परीक्षा सञ्चालन तथा व्यवस्थापन हुनुपर्दछ । त्यसले खास मानेमा महत्त्व राख्दछ । केन्द्राध्यक्ष र निरीक्षकदेखि उपल्लो तहका निकाय र पदाधिकारीको समन्वयात्मक सहकार्य न्यूनतम आधार हुन् । सामान्यतः दुर्गम तथा पहाडीक्षेत्रका केही ठाउँ तथा तराई क्षेत्रमा परीक्षाको न्यूनतम मर्यादा र मूल्यलाई कायम गर्ने दिशामा विगतका अनुभवलाई मनन गर्दै थप मर्यादित र अनुशासित बनाउने कार्यमा कडाइका साथ पहल हुनुपर्छ । मिलिभगत र तदर्थ शैलीमा परीक्षामा अनियमितता नहोस् भन्नेतर्फ सजगता आवश्यक छ । यसमा सरोकारवालाको ध्यान तिखो रहनुपर्दछ ।

अहिले १२ कक्षाको परीक्षालाई विद्यालय तहको अन्तिम परीक्षाको रूपमा ग्रहण गरिसकेको छ । विधि र परम्पराका मानेमा १० कक्षा उत्तीर्ण परीक्षाको रूपमा एसइई परीक्षा हो र त्यसैअनुसार व्यवहार अघि बढ्नु सान्दर्भिक छ । राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने १२ कक्षाको अन्तिम परीक्षापश्चात् विश्वविद्यालय कलेज शिक्षाको प्रारम्भ बिन्दु सुरु हुन्छ । अधिकांश मुलुकका शैक्षिक प्रणालीको अभ्यास पनि यही हो । मुलुक संघीयतामा रूपान्तरण भइसकेपछि परीक्षा व्यवस्थापन, अनुगमन, सञ्चालनलगायतका सम्पूर्ण कामको जिम्मा पनि राष्ट्रिय परीक्षा बोर्डले नै लिएको छ । एसएलसी एसइईमा रूपान्तरण भइसके पनि पुरानै शैली र मानसिकतामा परीक्षा सञ्चालन भइरहनु र संघको जिम्मेवारीलाई पूर्णरूपमा प्रदेशमा हस्तान्तरण गर्न नसकिनु विडम्बना हो । परीक्षालाई अझै पनि अदृश्य हाउगुजीका रूपमा राज्यले प्रस्तुत गर्न खोजेको विश्लेषण सम्बद्ध शिक्षाविद् तथा सरोकारवालाको रहेको छ । हुनसक्छ, समयानुकूल रूपान्तरण र परिवर्तनको आभाष पाइने छ ।

विशेषतः विद्यार्थीको ल्याकतमा अपेक्षित सुधारको छनक दिन सक्नुपर्दछ । केही कसिलो र सुधारात्मक अभ्यास पछिल्ला समयमा भएका छन् । तर पनि अपेक्षित उपलब्धि दिन हम्मे नै रहला । फेरि पढ्ने पढाउने व्यवहार, मानक र परिपाटीमा सुधारका तात्त्विक परिवर्तन नपाइएको सन्दर्भको उठान रहनु र अर्कोतिर उत्तीर्ण हुने सबै विद्यार्थीले उच्च शिक्षामा सहज पहुँच कसरी प्राप्त गर्न सक्ला भन्ने कुराको बहस निरन्तर रहला नै । यस मानेमा उच्च शिक्षाको पहुँचमा सबै विद्यार्थीलाई समावेश गर्नुपर्ने आवश्यकता र बाध्यताबीच सरकारले उच्च शिक्षा प्रदान गर्ने निकायको सञ्चालन र व्यवस्थापन गर्न सक्नुपर्ने चुनौती आफैंमा अहम् छ । संविधानमा मौलिक हकअन्तर्गत धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था छ । साथै, संविधानको अनुसूची ८ मा व्यवस्था भएअनुसार विद्यालय शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र समेटेको छ ।

अबको आवश्यकता हाम्रो शिक्षा पद्धति गरिखाने शिक्षा, सीपयुक्त र व्यावहारिक ज्ञानसहितको शिक्षाको हो । समयको मागअनुसार शिक्षण संस्था रूपान्तरित भई व्यावसायिक र सीपमूलक प्राविधिक शिक्षाप्रदायक हुन सक्नुपर्दछ । त्यसतर्फ विद्यार्थी आकर्षण गर्ने शिक्षा पद्धति अवलम्बन होस् । आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालय पद्धतिलाई मोफसल र विविध भूगोलमा सञ्चालन गर्न सकिएमा श्रमबजारमा अवसर सिर्जना भई निकै हदसम्म बेरोजगारी समस्या समाधान गर्ने सरकारी नीतिमा मद्दत पुग्ने देखिन्छ । साथै, इच्छुक विद्यार्थीमाझ प्राविधिक धारका विषय अध्ययनको पहुँच पुऱ्याउन सकिएमा एसइई परीक्षामा प्रतिस्पर्धा कायम भई गुणस्तरीयताको सम्भावना देखिन्छ ।

परीक्षालाई विद्यालय शिक्षाको मूल्यांकनको मापनका रूपमा लिई मिहेनत र परिश्रम गरी परीक्षामा सहभागी हुनुपर्ने देखिन्छ । परीक्षालाई कुनै अदृश्य हाउगुजी वा कठिनतम् मापनका रूपमा नलिई तत् तहको शिक्षामा हासिल गरेको ज्ञानलाई परीक्षाका माध्यमबाट रूपान्तरण गर्ने अवसरका रूपमा लिनसके उच्च अंककासाथ उत्तीर्ण हुन सकिन्छ । परीक्षार्थीले डर र भयको नकारात्मक मनोविज्ञानबाट आफूलाई टाढा राखेर सकारात्मक सोचको विकास गर्नु आवश्यक छ । ११ कक्षाको अध्ययनतर्फ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन वा शिक्षाशास्त्र अनि प्राविधिक धारतर्फको विधामा निरन्तरता दिने दिशामा एसइई परीक्षा परिणामले मार्गनिर्देश गर्छ । मिहेनत र परिश्रम परीक्षामा सफलता पाउने आधार हो ।

परीक्षा सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा परीक्षा केन्द्रको आन्तरिक वातावरण तथा परीक्षा केन्द्रभन्दा बाहिरको आसपासको वातावरणले परीक्षालाई शान्तिपूर्ण, मर्यादित तथा अनुशासित बनाउने छ । जिम्मेवारी दायित्व निर्वाहमा कुनै मुलाहिजा तथा कञ्जुस्याइँ गर्नु हुँदैन । मनोवैज्ञानिक त्रास, आश, भयबाट मुक्त ढंगबाट परीक्षामा वातावरण बनाउनेतर्फ सरोकारवालाको ध्यानाकर्षण हुनुपर्दछ । परीक्षाको न्यूनतम मर्यादा र आचारसंहितालाई पालना नगर्ने जो-कोही सरोकारवाला तथा परीक्षाका केन्द्राध्यक्ष र निरीक्षकहरूलाई आचरणअनुसार पुरस्कार र दण्ड जरिवानाको कार्यान्वयन गरिएको खण्डमा अवश्य चुस्त व्यवस्थापकीय सक्षमताको छनक दिने छ ।

विद्यार्थीमा उच्च शिक्षातर्फको अग्रगमनका रूपमा चासो र सरोकार हुनुपर्दछ । मर्यादित, अनुशासित तथा परीक्षामैत्री वातावरण परीक्षाको गरिमा हो । एसइई परीक्षा सञ्चालन, व्यवस्थापन तथा सम्पन्नताका आयामले सफलता दिलाउन कार्यान्वयन तहमा खरो रूपमा उत्रिनु पर्दछ ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

पाठक मञ्च

## आन्तरिक कलहमा रूमल्लिएका कांग्रेस नेताहरूलाई प्रश्न

केही दिनयता सञ्चारमाध्यमहरूमा छाएका नेपाली कांग्रेसभित्रका समाचारहरू हेर्दा लाग्छ- यो देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी अहिले कुन बाटो हिँड्दै छ, उसैलाई थाहा छैन । फागुन २१ को निर्वाचनमा कमजोर नतिजा आएपछि नेताहरूले आत्मसमीक्षा गर्लान् र सशक्त प्रतिपक्षीको भूमिका निभाउलान् भन्ने नागरिकको अपेक्षा थियो । तर, परिणाम उल्टो देखिएको छ । पार्टी अहिले नीति र एजेण्डामा होइन, व्यक्तिगत अहम् र गुटको भिडन्तमा रूमल्लिएको छ ।

विशेष महाधिवेशन, निर्वाचन आयोगको निर्णय र सर्वोच्च अदालतमा पुगेको नेतृत्वको विवादले कार्यकर्तामा ठूलो अन्योल सिर्जना गरेको छ । एउटै घटनामा दुईवटा खेमाबाट छुट्टाछुट्टै विज्ञप्ति आउनु, एउटा समूहले प्रशिक्षण दिँदा अर्कोले होटलमा बधाइ कार्यक्रम राख्नु र निम्ता गरिएका सांसदहरू नै विभाजित हुनुले कांग्रेसभित्र एउटै छानामुनि दुईवटा पार्टी चलिरहेको भान हुन्छ ।

हिजोका दिनमा केपी शर्मा ओली नेतृत्वको सरकार ढल्नु र जेन-जी विद्रोह हुनुको पछाडि नागरिकको सुशासनप्रतिको भोक थियो । तर, कांग्रेसका नेताहरूले त्यो जनआक्रोश र युवा पुस्ताको भावनालाई बुझ्न सकेको देखिएन । नेतृत्वको लुछाचुँडीले पार्टीलाई कता पुऱ्याउँदै छ ? गगन थापा पक्षका १६ जना र देउवा-शेखर पक्षका २२ जना भन्दै संसद्मै कित्ताकाट हुने हो भने संसद्मा प्रमुख प्रतिपक्षी दलको आवाज कसरी बलियो होला ?

जनताले कांग्रेसलाई संसद्मा खबरदारी गर्ने र सरकारका कमजोरी औंल्याउने म्याण्डेट दिएका हुन्, होटलका कोठामा गुटको अंकगणित मिलाएर बस्न होइन । अब पनि नेताहरू नसच्चिने हो भने आगामी दिनमा कांग्रेस इतिहासको एउटा पानामामात्र सीमित हुने जोखिम बढ्ने छ । नेतृत्वले बेलैमा बुद्धि पुऱ्याओस् र आन्तरिक कलहलाई थाती राखेर मुलुकका ज्वलन्त मुद्दामा केन्द्रित होस् ।

नेतृत्वको कमजोरी विगतमा जसरी कांग्रेस यो हालतमा पुग्यो फेरि पनि नेताहरू सुध्रिने पारा देखिएन । यो विडम्बना हो । यसबाट आम कांग्रेस कार्यकर्ता र शुभेच्छुकहरूलाई थप पीडाबोध थपिदिएको छ । चुनावमा लज्जाजनक हार बेहोरेपछि आत्मसमीक्षासहित सुधारको बाटोमा एकजुट भएर बढ्नुपर्ने होइन र ? अझै पनि गुटबन्दी गरेर पार्टीलाई कुन अवस्थामा पुऱ्याउन चाहेका हुन् नेताहरूले ? म एक शुभेच्छुकको नाताले कांग्रेस नेताहरूलाई यो प्रश्न गरिरहेको छु । म जस्ता हजारौं, लाखौं कार्यकर्ता र शुभचिन्तकको प्रश्न हो यो । यसलाई केवल सामान्य प्रश्नको रूपमा नलिइयोस् ।

- ज्ञानकुमार श्रेष्ठ
सामाखुसी, काठमाडौं

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# औलो र कालाजार नियन्त्रणका लागि विषादी छिट्न सुरु



**टीकापुर (कैलाली)–** कैलालीमा औलो र कालाजार तथा अन्य कीटजन्य रोग नियन्त्रणका लागि विषादी छिट्न थालिएको छ । विषादी छिट्काउ अभियानअन्तर्गत कैलालीका सयौं घरमा विषादी छिट्ने जनाइएको छ ।

धनगढीबाट सुरु भएको सो अभियानअर्न्तगत टीकापुरका औलो तथा कालाजारका बिरामी भएका घर र छिमेकमा विषादी छिट्ने काम सम्पन्न भइसकेको छ । टीकापुरका नौ घरमा औलोका बिरामी रहेकाले प्राविधिकको सहयोगमा विषादी छम्केको स्वास्थ्य कार्यालयका सूचना अधिकारी मीनबहादुर धामीले जानकारी दिए ।

'स्वास्थ्य कार्यालय कैलालीले औलो, कालाजार तथा अन्य कीटजन्य रोग नियन्त्रणका लागि विषादी छिट्काउ अभियान सञ्चालन गरेको हो । यहाँका विभिन्न प्रभावित तथा सम्भावित महामारी क्षेत्रहरूमा कार्यक्रम सञ्चालन भइरहेको छ,' उनले भने, 'चालु आर्थिक वर्षको साउनदेखि हालसम्म औलो तथा कालाजारका बिरामी देखिएका स्थान वरपर विषादी छिट्न थालिएको हो ।' उनका अनुसार कैलालीमा १०४ जना औलो तथा कालाजारका बिरामी भेटिएका छन् भने सयौं घरमा विषादी छिट्ने कार्यक्रम रहेको छ ।

सरकारले औलो तथा कालाजारलाई सन् २०२८ सम्म र मलेरियालाई सन् २०३० सम्म निवारण गर्ने लक्ष्य लिएको छ । स्वास्थ्य संस्थाले यी रोग निवारणका लागि परीक्षणको दायरा विस्तार गर्ने, रोग पहिचान गर्ने, तथ्यांक यकीन गर्ने, बिरामीको उपचार गर्ने, 'केस-बेस सर्भिलेन्स' तथा प्रतिकार्यात्मक गतिविधि सञ्चालनलाई प्राथमिकता दिएको छ ।

महिला स्वास्थ्य स्वयम्सेविका सुशीला विकले विपन्न समुदायमा विभिन्न समस्याले मलेरियाको जोखिम रहेकाले विषादी छिट्ने काम बिरामी देखिएका घरमामात्र नभई गाउँभरि नै छिट्ने व्यवस्था मिलाउन माग गरिन् । *रासस*

# दाङका १० उम्मेदवारले बुझाएनन् चुनावी खर्चको विवरण

**दाङ (प्रस)–** गत फागुन २१ गते मा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लाबाट चुनावी प्रतिस्पर्धामा रहेका ६० उम्मेदवारमध्ये १० जनाले अझै चुनावी खर्चको विवरण बुझाएका छैनन् ।

लुम्बिनी प्रदेश निर्वाचन कार्यालय दाङका सूचना अधिकारी गेहेन्द्र कुँवरका अनुसार खर्च विवरण नबुझाउनेमा निर्वाचन क्षेत्र नं १ बाट उम्मेदवार बनेका आमजनता पार्टीका सीताराम यादव, निर्वाचन क्षेत्र नं २ बाट उम्मेदवार बनेका जनता समाजवादी पार्टीका ढुण्डीराज थापा, प्रगतिशील लोकतान्त्रिक पार्टीका प्रतीक अधिकारी, नागरिक उन्मुक्ति पार्टी नेपालका झरेन्द्रबहादुर खत्री, आमजनता पार्टीका कृष्णबहादुर सुनार र स्वतन्त्र उम्मेदवार पदमप्रसाद पाण्डे रहेका छन् ।

त्यसैगरी दाङ निर्वाचन क्षेत्र नं ३ बाट जनता समाजवादी पार्टी नेपालकी शोभा डाँगी, मितेरी पार्टी नेपालका सन्तोष सिंह, नागरिक उन्मुक्ति पार्टीका महेश चौधरी र स्वतन्त्र उम्मेदवार भागीराम चौधरी रहेका कुँवरले जानकारी दिए ।

सूचना अधिकारी कुँवरका अनुसार निर्वाचन ऐन, २०७४ को दफा ७२ अनुसार उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र निर्वाचनमा भएको खर्चको विवरण सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

# जुम्लाका आठ स्थानीय तहका १२६ उजुरी अख्तियारमा

**जुम्ला (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतमा जुम्लाका आठ स्थानीय तहसम्बन्धी १२६ वटा उजुरी परेका छन् ।

कार्यालयका सूचना अधिकारी धर्मराज बुढाले चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहका अनियमितता तथा भ्रष्टाचारसम्बन्धी विभिन्न उजुरी परेका र तीमध्ये ३५ वटा फर्स्योट गरिएको बताए । तीमध्ये सबैभन्दा बढी चन्नदनाथ नगरपालिकाका ५२ वटा उजुरी परेकामा १३ वटा फर्स्योट गरिएको उनले जानकारी दिए । यस्तै, गुठीचौर गाउँपालिकाका २३ उजुरीमध्ये नौ, पातारासीको ११ वटा उजुरीमध्ये चार, तातोपानी गाउँपालिकाका नौ उजुरीमध्ये दुई, हिमा गाउँपालिकाका सात वटामध्ये एक, तिलाका नौ वटामध्ये दुई, सिञ्जाका चार वटामध्ये दुई र कनकासुन्दरीका ११ उजुरीमध्ये दुई वटा फर्स्योट गरिएका सूचना अधिकारी बुढाले बताए । आयोगले स्थानीय तहका उजुरी प्रत्येक वर्ष बढ्दै गएको जनाएको छ ।

---

**गेरुवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पशुपतिनगर, बर्दिया**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८२/१२/१८**

यस कार्यालयको तपशिलको मितिमा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपशिलमा उल्लेखित ठेक्काको लागी दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र, बोलपत्र मूल्यांकन समिति बाट न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा (२) र दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | सूचना प्रकाशित मिति | ठेक्का नं. | कामको विवरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | २०८२/११/१५ (सौर्य दैनिक) दोश्रो पटक | G/GRM/NCB/04/2082/083 | Procurement for the purchasing, supply and delivery of masaland tatha anya karyalaya samagri. | श्री सालघारी इन्टर प्राइजेज महालक्ष्मी न.पा, ललितपुर | रू. १३६५७००/- (अक्षरेपीः तेह्र लाख पैंसट्ठी हजार सात सय मात्र) |
| २ | | G/GRM/NCB/05/2082/083 | Procurement for the purchasing, supply and delivery of ayurvedic medicine. | श्री दाङ्गेमष्ट आयुर्वेद फार्मेसी तुल्सीपुर, दाङ्ग | रू. ८८५५९८/- (अक्षरेपीः आठ लाख चौरासी हजार तीनसय पचपन्न मात्र) |
| ३ | २०८२/११/१५ (गेरूवा कर्णाली पोष्ट दैनिक) | G/GRM/SQW/01/2082/083 | Procurement for the purchasing, supply and delivery of medicine and surgical item for geruwa rural municipality. | श्री चुन चुन फार्मेसी लेखनाथ पोखरा म.न.पा,कास्की | रू. ६३५५९८।२० (अक्षरेपीः छ लाख पैतिस हजार पाँचसय अन्ठानब्बे र पैसा बीस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Kawasoti Municipality**

**Office of The Municipal Executive**

**Gandaki Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: 2082/11/29**

**Second Date of Publication: 2082/12/17**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 16/KM/SQ/2082-83works | Shiba samudayik ban bhitra park Nirman | 10,34,431.56 | 2083/01/02, BS) Upto 12Hr | 75 days | 30,000 | 1,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9844980650, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

**Barju Rural Municipality**

**Office of Rural Municipal Executive**

**Amahibelha, Sunsari**

## Invitation For Online Bid

**Date of publication: 1st April 2026**

The Barju Rural Municipality invites electronic bid for the construction of **Construction of RCC framed Building of Shree Ma. Vi School (one storey four classroom)** located at Barju 6 chimri. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari *or may visit PPMO website www.bolpatra.gov.np.*

| S. N | Name of Project & Contract ID. No. | Total Estimated Amount NRs. Exc. Vat & Contingencies | Bid Document Amount Nrs. | Last Date & Time of Bid Document submission | Bid Opening Date and Time | Bid Validity Period | Bid Security Amount Nrs. | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION OF RCC FRAMED BUILDING OF SHREE MA. VI SCHOOL (ONE STOREY FOUR CLASSROOM) BRM/SUNSARI/NCB/WORKS/7/2082/83 | 55,60,979.01 | 3,000.00 | 3rd May 2026 (12:00 Hrs) | 3rd May 2026 (14:00 Hrs) | 90 days from the last date of bid submission | 1,66,000.00 | 120 days from the last date of bid submission |

**Chief Administrative Officer**

---

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालय**

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७६/०२/२७ मा दर्ता भएको **प्रा. लि. नं. २१६९६२** को **बाग्लुङ गल्कोट गेष्ट हाउस प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७४/०९/१७ मा दर्ता भएको **प्रा. लि. नं. १८०९७२**को **शाह जब प्लेसमेन्ट सर्भिसेस् प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०८/२४ मा दर्ता कायम भएको **बज्र बाराही ग्रील वर्कशप प्रा.लि.** (प्रा.लि.नं. ६८४१८/०६६/०६७) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१२/१७ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**

**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

---

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७७/०७/२६ मा दर्ता भएको प्रा.लि.नं. २४७२५३ को **सोलु किलर ग्यालरी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना !

***दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/१८ गते***

**सोनी इन्टरनेशनल रिक्विडमेन्टस् प्रा.लि.**को मिति २०८१/०५/०९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सक्कार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तित गरी **फैसल म्यानेजमेन्ट सर्भिस प्रा.लि. (प्रा.लि. नं. १६५२२९)** कायम गर्ने गरी मिति २०८२/०९/२२ गते श्री कम्पनी रजिस्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# प्रभाव दैनिक

बुधबार, १८ चैत २०८२ (Wednesday, 01 April 2026)





## 'आ बाट आमा'मा जोडिए आकाश श्रेष्ठ

चन्द्र पन्तको निर्देशनमा निर्माण हुने फिल्म 'आ बाट आमा २'मा आकाश श्रेष्ठ अनुबन्ध भएका छन् । उनलाई निर्माण टिमले सोमबार फिल्मका लागि अनुबन्ध गरेको हो । फिल्मका निर्देशक चन्द्र पन्तले आकाशलाई फिल्मको महत्वपूर्ण भुमिकाका लागि अनुबन्ध गरेको जानकारी दिए । उनले भने, 'हामीले फिल्मको कथा अनुसार नै आकाशलाई अनुबन्ध गरेका हौँ । यसअघि मुख्य कलाकारमा अभिनेता पल शाह र अभिनेत्री विपना थापा अनुवन्धित गरिसकेका छौँ ।' आर्या इन्टरटेन्टमेन्टको व्यानरमा निर्माण हुने यो फिल्मका लागि विपना थापा,पल शाहका अलवा आकाश श्रेष्ठको रहने छन् ।



# निफ 'मेन इभेन्ट'मा प्रवेश
## आउन थाले विदेशी अतिथि

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी चैत १९ देखि २३ सम्म हुन लागेको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को नवौं संस्करणको सम्पूर्ण तयारी पूरा भएको आयोजकले बताएको छ ।

'विश्वका कथाहरूको उत्सव, नेपाल अन्तर्राष्ट्रिय चलिचत्र महोत्सव' भन्ने नाराका साथ फ्युचर फर्वाड थिममा आयोजना हुन लागेको यस महोत्सवको प्राविधिक र व्यवस्थापकीय पक्षलाई आयोजक समितिले अन्तिम रूप दिएको हो । निफका अध्यक्ष केपी पाठक भन्छन्, 'प्रि-इभेन्ट सकिए लगत्तै हामी मेन इभनेन्ट प्रवेश गरेका हौं । विदेशी अतिथिहरू आउने क्रम सुरु भइसक्यो ।'

निफको उद्घाटन समारोहका विशेष अतिथि बलिउडका प्रसिद्ध निर्देशक रमेश सिप्पी भने १८ गते साँझ ६ बजे नेपाल आइपुग्ने उनले बताए । उनीसहित कलाकार किरण जुनेजा र नेपाली मुलका भारतीय चलचित्र निर्माता निलकण्ठ रेग्मी पनि निफमा सहभागी हुनेछन् ।

चैत १९ गते सिभिल मलमा हुने उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा नेपाल सरकारकी सञ्चार सचिव लक्ष्मीकुमारी बस्नेतको उपस्थिति रहने बताइएको छ ।

निफको दोस्रो दिन चैत २० गते दिउँसो ३ बजे पर्यटन बोर्डमा निर्देशक सिप्पी र महानायक राजेश हमालबीच 'सिनेमा संवादः रमेश सिप्पी र राजेश हमालसँग' शीर्षकको संवाद कार्यक्रम तय भएको छ । जहाँ उनीहरूले आफ्नो व्यक्तिगत अनुभव, सिनेमा क्षेत्रको यात्रा र सिनेमाको भविष्यबारे केन्द्रित रहेर कुराकानी तय भएको आयोजकले बताए ।

त्यस्तै, युवा मेकरहरूलाई लक्षित गरी निफमा पाँच दिने एआई फिल्म वर्कसप पनि राखिएको छ । निफ अविधभर यो जारी रहनेछ । निफका संयोजक शिव पुरी भन्छन्, 'यो फिल्म निर्माणमा एआईको प्रयोगबारे वर्कसप हो ।' यस वर्कसपमा नेपाली विज्ञहरूले एआई-डिजिटल कन्टेन्टबारे कानुनी जटिलता र प्रतिलिपी अधिकारबारे पनि वर्कसप दिनेछन् । पुरी भन्छन्, 'एआई प्रयोग गरी बनाएका सामाग्रीको कानुनी पाटोबारे पनि वर्कसपमा चर्चा हुन्छ ।'

त्यस्तै, निर्माताका खोजीमा रहेका लेखकहरूलाई उनीहरूको पहुँचमा पुऱ्याउने उद्देश्यले 'फिचर पिच' कार्यक्रम पनि राखिएको छ । जहाँ लेखकहरूले निर्मातालाई आफ्नो कथा सुनाउन पानेछन् ।

यो संस्करणमा ४० देशका ८८ फिल्मले प्रतिस्पर्धामा सहभागी भएका छन् । ६ वटा चिनियाँ र ४ वटा रुसी प्रतिस्पर्धाबाहिर रहेर विशेष प्रदर्शन गरिने आयोजकले बताएको छ । रसियन हाउसमा रसियन फिल्म डेज आयोजना गरिनेछ । अन्य दिन पनि यस स्थानमा प्रदर्शन हुने फिल्महरू निःशुल्क हेर्न पाइनेछ ।

यसपटक निफमा सिजाङ प्यानोरमा पनि आयोजना गरिएको छ । जस अन्तर्गत ६ वटा चिनियाँ सिनेमा र वृतिचित्र प्रदर्शन गरिनेछ । पर्यटन बोर्ड र छायाँ सेन्टरमा यी फिल्महरू निःशुल्क हेर्न पाइनेछ । प्रतिस्पर्धमा रहेका मध्येका फिल्महरू सिभिल मल र छाया सेन्टरमा भने सःशुल्क प्रदर्शन हुनेछ । निफ अन्तर्गत १० वटा अन्तर्क्रियात्मक कार्यकम राखिएको छ । जसमा विभिन्न देशका मेकरहरूले आफ्नो अनुभव सेयर गर्नेछन् ।

## सऱ्यो रेखाको फिल्म '३६ को आँकडा'

**काठमाडौं (प्रस)–** फिल्म '३६ को आँकडा'को प्रदर्शन सार्ने भएको छ । चैत २७ गतेलाई प्रदर्शन मिति तोकिएको फिल्मको प्राविधिक काम अझै बाँकी रहेको कारण फिल्म सर्ने भएको हो । निर्देशक सबिर श्रेष्ठले फिल्मको प्राविधिक काम नसकिएको कारण फिल्मको प्रदर्शन सार्ने बताए । 'फिल्मको अझै ब्याकग्राउड म्युजिक लगायत थुप्रै प्राविधिक काम बाँकी छ । जसले गर्दा फिल्म निर्धारित मितिमा प्रदर्शन गर्न नसकिने भइयो', श्रेष्ठले भने, 'अब काम सकिएपछि निर्माताहरूसँग सल्लाह गरेर मिति तोक्छौं ।'

फिल्मको प्रदर्शन रोकिएसँगै अभिनेत्री रेखा थापा र निर्देशक सबिर श्रेष्ठबिचको सम्बन्ध चिसिएको चर्चा फिल्म क्षेत्रमा छ । तर यस विषयमा दुवैले बोल्न चाहेनन् । चैत २७ को मितिबाट टसमस नहुने अडानका साथ निर्माण जुटेको फिल्ममा रेखा थापा, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निरुता सिंहको मुख्य अभिनय छ ।


### साँगुरीगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१२/१८

यस गाउँपालिकाद्वारा मिति २०८२/११/१७ (1st March, 2026) गते राष्ट्रिय पत्रिकामा प्राकाशित सूचना बमोजिम तपशिल बमोजिमको ठेक्काको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण तथा निर्माण स्थल | छनौट भएको फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM/SQ/Works/ 2082/083-04 | Construction of Budimorang Birthing Room Nirman Works. | श्री Nivasa Construction and Consultancy Private Limited, Kathmandu. | रू. १०,१२,०६७.८४ (भ्याट र प्रभिजनल सम सहित) | |
| २ | SRM/SQ/Works/ 2082/083-05 | Construction of Dadabazar Covered Hall Nirman Works. | श्री सुबन ग्रुप अफ कन्स्ट्रक्सन एण्ड सप्लायर्स, धनकुटा-०५, धनकुटा | रू. १४,५९,०१३।१२ (भ्याट र प्रभिजनल सम सहित) | |
| ३ | SRM/SQ/Works/ 2082/083-06 | Construction of Gaupalika Rangrogan tatha Marmat Works. | श्री Dhukkursing Chhintang Construction Pvt. Ltd. Budiganga-3, Morang | रू. ७,९९,५४०.९१ (भ्याट र प्रभिजनल सम सहित) | |
| ४ | SRM/Supplying Colored CGI Sheet/ SQ/02/2082/083 | Supplying of Colored CGI Sheet with heavy class including 0.41mm thick and 65 kg/bundle . | श्री एल वि मल्टिप्रपोज कम्पनि प्रा लि, सिन्धुपाल्चोक । | रू. ११,२०,६८३.६२ (भ्याट र प्रभिजनल सम सहित) | |

**प्रमुख प्रशासकीय अधिकृत**


# रंगशाला

## खेलकुदप्रति आकर्षण बढाउनुपर्नेमा मन्त्री पोखरेलको जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले खेलकुदप्रति युवालाई आकर्षित गर्नुपर्नेमा जोड दिँदै त्यस निम्ति विद्यालय, स्थानीय क्लब र गाउँस्तरबाट नै उनीहरूलाई यसमा समाहित गर्नुपर्ने बताएका छन् । राष्ट्रिय खेलकुद परिषद्ले उनको सम्मान मंगलबार आयोजना गरेको कार्यक्रममा मन्त्री पोखरेलले खेलकुदका माध्यमबाट राष्ट्रको प्रतिष्ठा बढाउने खेलाडी उत्पादन गर्न परिषद्लगायत खेलकुदसँग सम्बद्ध संघसंस्था क्रियाशील हुनुपर्ने बताए ।

खेल क्षेत्रमा चुनौती र अवसर दुवै भएकाले बोलेर भन्दा पनि काम गरेर देखाउनु पर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद् अच्युतम लामिछानेले नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) लाई अझ प्रभावकारी बनाउनुपर्ने बताए । परिषद्का सदस्यसचिव रामचरित्र मेहताले राखेपको बोर्ड र कार्यसमितिको संरचना, कार्यक्षेत्र, बजेट, भौतिक पूर्वाधारको अवस्थालगायत परिषद्का गतिविधिबारे जानकारी गराए । त्यसअघि मन्त्री पोखरेलले सातदोबाटोस्थित अन्तरराष्ट्रिय खेलकुद परिसरमा निर्माणाधीन जेनजी पार्क, खेलकुद विज्ञान अनुसन्धान केन्द्रको निरीक्षण गरे ।


### मलेसियामा रोजगार
कम्पनी : ZINS SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 331330 | चलानी नं. ६०२४५१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 18 | 0 | 1700 | ६३,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत ३० र वैशाख १ गते (13 & 14th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

### युएइमा रोजगार
कम्पनी : GULF OASIS MANPOWER SUPPLY L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 334482 | चलानी नं. ६०२४८४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 1200 | ४९,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २५ गते (8th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448 9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

### मलेसियामा रोजगार
कम्पनी : DEUMA FORCE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 333208 | चलानी नं. ६०२४६८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 20 | 0 | 1700 | ६३,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २५ गते (8th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**Sudur Paschim Province Government**
**Ministry of Industry, Tourism, Forestry and Environment**
**Provincial Tourism Development Program Implementation Unit (PTDPIU)**
**Dhangadhi, Kailali**

**INVITATION FOR ELECTRONIC BIDS**

**Date of First Publication:- 2082/12/18**

1. Provincial Tourism Development Program Implementation Unit (PTDPIU) invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount (NRs.) | Estimated Amount (with out VAT, PS and Contingencies) | Cost of Bidding Document (NRs.) | Bid Validity (Days) |
|---|---|---|---|---|---|
| PTDPIU/WORK/ NCB/ 082/083-24 | construction of Tharu Maruwa Kailali kshatra no.02 | 1,50,000, | 51,23,491.93 | 3000 | 90 |
| PTDPIU/WORK/ NCB/ 082/083-25 | Construction of Nabin Smriti Prayatakiya Park Ceiling Sahit Nirman | 65,000, | 21,30,501.65 | 3000 | 90 |
| PTDPIU/WORK/ NCB/ 082/083-26 | Construction of Nuklipur Ganuma Deuthan Ma Tharu Sanskriti Sangrahlaya Nirman | 65,000, | 21,25,587.13 | 3000 | 90 |
| PTDPIU/WORK/ NCB/ 082/083-27 | Prayatan Purwadhar nirman Lamki chuha - 03 Chisapani Kailali | 1,25,000, | 4238463.46 | 3000 | 90 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Provincial Tourism Development Program Implementation Unit ( PTDPIU) or may & PPMO's website www.bolpatra.gov.np.

**Unit Chief**



बंगलादेशको ढाकास्थित सदरघाटमा डुंगाबाट तरबुजा झार्दै एक कामदार । *तस्बिरः सिन्ह्वा*

# जापान तैनाथ गर्‍यो लामो दूरी मिसाइल

**टोकियो–** क्षेत्रीय सुरक्षा चुनौती बढ्दै गइरहेका बेला जापानले पहिलोपटक लामो दूरीको मिसाइल तैनाथ गर्दै आफ्नो रक्षा रणनीतिमा महत्त्वपूर्ण मोड ल्याएको छ । अधिकारीहरूका अनुसार दक्षिणपश्चिमी क्षेत्रमा अवस्थित कुमामोटो प्रान्तको क्याम्प केंगुनमा अपग्रेड गरिएको टाइप-१२ ल्याण्ड-टु-सिप मिसाइल सञ्चालनमा ल्याइएको हो, जसले देशको आक्रामक क्षमतामा उल्लेखनीय विस्तार गरेको संकेत दिएको छ ।

जापानको मित्सुबिशी हेभी इण्डस्ट्रिजद्वारा विकसित उक्त मिसाइलको दायरा करिब एक हजार किलोमिटर पुगेको छ । यो यसको पुरानो २०० किलोमिटर क्षमताभन्दा निकै ठूलो विस्तार हो । यसले जापानलाई टाढाबाटै सम्भावित शत्रुका सैन्य आधारमा प्रहार गर्न सक्ने 'स्टयाण्डअफ' क्षमता प्रदान गरेको छ । यस्तो क्षमता जापानले दशकौंदेखि पालन गर्दै आएको आत्मरक्षा-केन्द्रित सुरक्षा नीतिमा परिवर्तनको संकेतका रूपमा हेरिएको छ ।

रक्षामन्त्री सिञ्जिरो कोइजुमीले वर्तमान सुरक्षा वातावरणलाई 'युद्धपछिको सबैभन्दा जटिल र गम्भीर' भन्दै यस्तो क्षमता देशको प्रतिरोध शक्ति र प्रतिक्रिया क्षमताका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताए । उनका अनुसार यसले जापानको आत्मरक्षाप्रतिको दृढता पनि झल्काउँछ ।

तर यस कदमले स्थानीयस्तरमा चिन्ता पनि बढाएको छ । क्याम्प केंगुन नजिकै बसोबास गर्ने बासिन्दाहरूले मिसाइल तैनाथीको विरोध गर्दै प्रदर्शन गरेका छन् । उनीहरूले यस्तो कदमले क्षेत्रीय तनाव चर्काउने र आफ्नो क्षेत्र सम्भावित आक्रमणको लक्ष्य बन्न सक्ने जोखिम बढाउने बताएका छन् ।



जापानले केवल एक स्थानमामात्र नभई, आगामी वर्षहरूमा देशका विभिन्न भागमा यस्ता हतियार प्रणाली विस्तार गर्ने योजना बनाएको छ । मंगलबार नै सिजुओका प्रान्तको क्याम्प फुजीमा टापु रक्षा लक्षित हाइपरसोनिक ग्लाइड वाहन पनि तैनाथ गरिएको छ । सन् २०२८ मार्चसम्म होक्काइडोदेखि मियाजाकीसम्म विभिन्न स्थानमा अपग्रेड गरिएको टाइप-१२ मिसाइल र अन्य आधुनिक प्रणालीहरू विस्तार गर्ने तयारी गरिएको छ ।

यसैबीच जापानले अमेरिकी निर्माणका टोमहाक क्रुज मिसाइलहरू पनि आफ्नो नौसैनिक क्षमतामा समावेश गर्ने योजना अघि बढाएको छ । यस वर्षको अन्त्यसम्म जापानी विध्वंसक जेएस चोकाईमा एक हजार ६०० किलोमिटर दायराका ती मिसाइलहरू तैनाथ गरिने छ भने पछि थप सात विध्वंसकमा पनि विस्तार गरिने लक्ष्य राखिएको छ ।

जापानले चीनलाई आफ्नो प्रमुख क्षेत्रीय सुरक्षा चुनौतीका रूपमा लिँदै आएको छ । पछिल्ला वर्षहरूमा पूर्वी चीन सागर नजिकका दक्षिणपश्चिमी टापुहरूमा सैन्य संरचना मजबुत बनाइएको छ । गत जुनमा चीनका दुई विमानवाहक जहाजहरू जापानका दुर्गम टापु नजिकै एकैपटक सञ्चालनमा देखिएपछि टोकियोको चिन्ता अझ बढेको थियो ।

प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारले आगामी आर्थिक वर्षका लागि ९० खर्ब येनभन्दा बढीको रक्षा बजेट स्वीकृत गरिसकेको छ, जसले स्ट्राइक ब्याक क्षमता, क्रूज मिसाइल र मानव रहित हतियार प्रणालीमार्फत तटीय सुरक्षालाई सुदृढ बनाउने लक्ष्य राखेको छ । यसै क्रममा चीनको प्रशान्त क्षेत्रमा बढ्दो गतिविधि अध्ययन गर्न नयाँ कार्यालय स्थापना गर्ने घोषणा पनि गरिएको छ । ताइवानसँग सम्बन्धित सम्भावित संकटको अवस्थामा जापानले आफ्नो सुरक्षा प्रतिक्रिया देखाउन सक्ने संकेत दिँदा क्षेत्रीय वातावरणमा सतर्कता र चिन्ता बढेको देखिन्छ । *रासस⁄एपी*

# भारतमा विशाल जनगणना सुरु

**नयाँदिल्ली–** तीव्र रूपमा बढ्दो जनसंख्या र स्रोत व्यवस्थापनको दबाबबीच भारतले आज बुधबारदेखि विश्वकै सबैभन्दा ठूलो जनगणना अभियान सुरु गर्दै छ । करिब ३० लाखभन्दा बढी कर्मचारी परिचालन गरिने यस अभ्यासलाई सरकारले 'राष्ट्रिय महत्त्वको विशाल अभियान' का रूपमा चित्रण गरेको छ, जसले समावेशी शासन र प्रमाणमा आधारित नीति निर्माणलाई मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

करिब एक अर्ब ४० करोड जनसंख्या रहेको दक्षिण एसियाली मुलुक भारत अहिले आधारभूत आवश्यकताहरू (बिजुली, खाद्यान्न र आवास) व्यवस्थापनमा बढ्दो चुनौतीसँग जुधिरहेको छ । देशका ठूला महानगरहरू पानी अभाव, वायु तथा पानी प्रदूषण र अत्यधिक भीडभाडयुक्त बस्तीका समस्याले ग्रस्त छन्, जसले जनगणनाबाट प्राप्त हुने तथ्यांकको महत्त्व झन् बढाएको छ ।

यसपटकको जनगणनामा सबैभन्दा संवेदनशील मानिएको 'जात' सम्बन्धी विवरण पनि समेटिने छ । हिन्दू समाजमा हजारौं वर्षदेखि कायम सामाजिक पदानुक्रमका आधारमा मानिसहरूको पेसा र सामाजिक स्थिति निर्धारण हुने भएकाले यस विषयलाई राजनीतिकरूपमा पनि जटिल मानिन्छ । सन् २०११ मा गरिएको जाति सर्वेक्षण सार्वजनिक नगरिएको इतिहास छ भने औपचारिकरूपमा विस्तृत जातीय तथ्यांक अन्तिमपटक सन् १९३१ मा ब्रिटिस शासनकालमा संकलन गरिएको थियो ।

लजिस्टिक हिसाबले पनि यो अभियान अत्यन्त चुनौतीपूर्ण रहने छ । भारतले सन् २०२४ मा सम्पन्न गरेको आमचुनाव नै विश्वकै सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास मानिएको थियो, जुन सात चरणमा छ हप्तासम्म चलेको थियो । त्यसभन्दा पनि व्यापक दायरामा फैलिएको जनगणना दुई चरणमा सञ्चालन गरिने छ ।

पहिलो चरण बुधबारदेखि सेप्टेम्बरसम्म चल्ने छ, जसमा घरधुरी, आवासको अवस्था र आधारभूत सुविधाहरूको विवरण संकलन गरिने छ । यस क्रममा घर-घरमै पुगेर तथ्यांक संकलन गरिने छ भने नागरिकलाई अनलाइनमार्फत स्वगणना गर्ने विकल्प पनि दिइने छ । *रासस⁄एएफपी*

# थप जटिल बन्दै मध्यपूर्व तनाव



**पेरिस–** मध्यपूर्वमा फैलिएको युद्ध बहुआयामिक र थप जटिल बन्दै गएको छ । इजरायल, इरान र तिनका सहयोगी शक्तिहरूबीचको प्रत्यक्ष तथा अप्रत्यक्ष भिडन्तले क्षेत्रीय सुरक्षालाई गम्भीर चुनौती दिएको छ ।

दक्षिणी लेबनानमा जारी संघर्षका क्रममा इजरायली सेनाले चार सैनिक गुमाएको जनाएको छ । ती सैनिकहरू एउटै बटालियनका रहेको र भिडन्तका क्रममा मृत्यु भएको सैन्य वक्तव्यमा उल्लेख छ । यस घटनामा अन्य सैनिकहरू घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर रहेको बताइएको छ । उक्त क्षेत्रमा इजरायली सेना इरान समर्थित हिजबुल्लाहसँग निरन्तर भिडन्तमा संलग्न छ ।

यसैबीच, इजरायलले इरानबाट प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई आफ्नो हवाई प्रतिरक्षा प्रणालीमार्फत अवरोध गरेको जनाएको छ । जेरुसेलममा कम्तीमा १० वटा विष्फोटको आवाज सुनिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । इजरायली सेनाका अनुसार ती क्षेप्यास्त्रहरू इरानबाट प्रक्षेपण गरिएको पुष्टि गरिएको छ ।

उता तेहरानमा पनि विष्फोटको आवाज सुनिएको र केही क्षेत्रमा विद्युत् आपूर्ति अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । केही समयपछि प्रभावित क्षेत्रमा पुनः बिजुली आपूर्ति सुरु गरिएको बताइएको छ ।

युद्धको दायरा इराकसम्म फैलिएको संकेत देखिएको छ । पपुलार मोबिलाइजेसन फोर्सेज (पिएमएफ) ले अमेरिका-इजरायल संयुक्त हवाई आक्रमणबाट आफ्ना दुई सैन्य अड्डा लक्षित भएको दाबी गरेको छ । बाबिल र अनबर प्रान्तमा भएका ती आक्रमणमा भने तत्काल कुनै हताहतको विवरण प्राप्त भएको छैन ।

यसै क्रममा दुबई बन्दरगाहमा कुवेती तेल ट्यांकरमा आगलागी भएको छ । कुवेतको सरकारी तेल कम्पनीका अनुसार उक्त ट्यांकरमाथि इरानबाट प्रत्यक्ष आक्रमण गरिएको थियो, यद्यपि मानवीय क्षति भने भएको छैन । साथै, हवाई प्रतिरक्षा प्रणालीबाट खसेका भग्नावशेषका कारण सहरमा अन्य आगलागी हुँदा चार जना घाइते भएका छन् ।

इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले युद्धले आफ्ना आधाभन्दा बढी रणनीतिक लक्ष्य हासिल गरिसकेको दाबी गरे, तर यसको अन्त्य कहिले हुने भन्नेबारे कुनै निश्चित समयसीमा दिन अस्वीकार गरे । संयुक्त राष्ट्रसंघको अन्तरिम बल (युनिफिल)ले लेबनानको दक्षिणी क्षेत्रमा भएको विष्फोटमा दुई शान्ति सैनिक मारिएको पुष्टि गरेको छ । सो घटनामा अन्य दुई घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर छ ।

बगदादस्थित अमेरिकी दूतावासलाई लक्षित गरी गरिएको ड्रोन आक्रमणका क्रममा छर्रा नजिकै खस्दा एक सर्वसाधारण घाइते भएका छन् । यता, होर्मुज जलडमरूमध्यमा आवतजावत गर्ने जहाजहरूबाट शुल्क उठाउने योजना इरानको संसदीय आयोगले अनुमोदन गरेको छ । ऊर्जा आपूर्तिको प्रमुख मार्ग मानिने उक्त जलमार्ग युद्धका कारण प्रभावित भएको छ, जसले विश्व बजारमा असर पार्ने देखिन्छ ।

यसबीच, जी-७ राष्ट्रहरूले ऊर्जा बजार स्थिर राख्न आवश्यक सबै उपाय अपनाउने प्रतिबद्धता जनाएका छन् । त्यस्तै, नाटो सेनाले इरानबाट टर्कीतर्फ प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई रोकेको जनाएको छ, जसले क्षेत्रीय युद्ध थप विस्तार हुन नदिने प्रयासलाई संकेत गर्छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानसँग निजी स्तरमा भइरहेको संवादप्रति आशावाद व्यक्त गरेका छन् । उनले इरानभित्र आन्तरिक विभाजन देखिएको र त्यसले कूटनीतिक समाधानको सम्भावना बढाएको उल्लेख गरेका छन् ।

यसैबीच, इजरायलले तेहरानस्थित इमाम हुसेन विश्वविद्यालयमा आक्रमण गरेको दाबी गर्दै उक्त संस्था उन्नत हतियार अनुसन्धानमा संलग्न रहेको आरोप लगाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग चाँडै सम्झौता नभए कडा सैन्य कदम चाल्ने चेतावनी दिएका छन् । उनले इरानका तेल पूर्वाधार तथा ऊर्जा केन्द्रहरूलाई लक्षित गर्न सकिने संकेत गर्दै दबाब बढाउन खोजेको देखिन्छ । *रासस⁄एएफपी*

## मध्य इरानमा सैन्यस्थलमा आक्रमण

**तेहरान–** मध्य इरानको इस्फहान प्रान्तमा केही सैन्य स्थलमा आक्रमण हुँदा प्रान्तको सुरक्षा संरचना र औद्योगिक पूर्वाधारमा क्षतिको संकेत देखिएको छ । प्रारम्भिक विवरणअनुसार आक्रमणले प्रान्तका प्रमुख सैन्य बेसहरूलाई लक्षित गरेको देखिन्छ, तर क्षतिको परिमाण र हताहतको विवरण अझै स्पष्ट भएको छैन ।

इस्फहान प्रान्त इरानको रक्षा उद्योगको मुख्य केन्द्र मानिन्छ र यसमा नाताञ्जसहितका प्रमुख आणविक सुविधाहरू रहेका छन् । गभर्नर कार्यालयका सुरक्षा अधिकारी अकबर सालेहीका अनुसार प्रारम्भिक अनुसन्धानले आक्रमण स्थलमा केही सैन्य साइटहरूलाई लक्षित गरिएको देखाएको छ ।

इरानी अधिकारीहरूले गत जुनमा इजरायलसँगको १२ दिने द्वन्द्व र हालको फेब्रुअरी २८ बाट सुरु भएको युद्धका क्रममा पनि प्रान्तका आणविक तथा रणनीतिक साइटहरू लक्षित भएको जानकारी दिए । इस्फहानमा बद्र एयरबेस, आठौं सेकरी एयरबेस र चौथो एयर फोर्स बेससहित धेरै महत्त्वपूर्ण सैन्य आधारहरू छन् ।

युद्ध र हड्तालका असरले इस्फहान युनिभर्सिटी अफ टेक्नोलोजीसहित नागरिक पूर्वाधारमा पनि क्षति पुगेको छ । सहरका ऐतिहासिक र सांस्कृतिक स्थलहरू (सफाविद युगको अब्बासी जमेह मस्जिद, अली कपु दरबार र नक्श-ए-जहाँ स्क्वायर) मासमेत असर परेको छ । युनेस्कोका लागि इरानी राष्ट्रिय आयोगका महासचिव हासन फर्तोसीले प्रान्तमा 'ठूलो' क्षति भएको बताए ।

औद्योगिक क्षेत्र पनि असरमुक्त रहेन; मोबाराकेह स्टिल कम्पनी कम्प्लेक्समा आक्रमणका कारण उत्पादनमा अवरोध आएको छ । यस घटनाले मध्य इरानको रणनीतिक र ऐतिहासिक महत्त्वलाई पुनः उजागर गरेको छ, जहाँ सैन्य, औद्योगिक र सांस्कृतिक लक्ष्यहरू सुरक्षित राख्ने चुनौती अझ स्पष्ट देखिएको विश्लेषण गरिएको छ । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax¿ Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश(वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९०२०० | प्रति तोला – ० | प्रति तोला – ४८४५ |



**उखु पेल्ने तयारी** | गुल्मीको छत्रकोट गाउँपालिका -४ स्थित दिगाममा गुँड उद्योगमा पेल्नका लागि तयारी अवस्थामा राखिएको उखु। *तस्बिर : जनार्दन घिमिरे/रासस*

**बजेट २०८३/०८४ तयारी**

# प्राथमिकतामा सुरु भइसकेका योजना

## नयाँ योजनाको लाभ-लागत विश्लेषण अनिवार्य

**काठमाडौं** – हाल काम सुरु भइसकेका तथा क्रमागत प्रकृतिका आयोजनालाई चाँडो सक्नेगरी पर्याप्त बजेट विनियोजन गर्ने र नयाँ योजना तथा कार्यक्रम प्रस्ताव गर्दा लाभ-लागत विश्लेषणसहित पूर्वतयारी गरिसकेर तत्काल कार्यान्वयनमा जान सक्नेलाई मात्रै बजेट प्रस्ताव गर्नेगरी मन्त्रालयहरूसँग प्रारम्भिक छलफल सुरु भएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा प्रक्रियालाई थप अनुशासित, परिणाममुखी र यथार्थपरक बनाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले बजेट तर्जुमा 'चेकलिस्ट' तयार पारेको हो। आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने योजना तथा कार्यक्रमबारे आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल गर्ने कार्यसूची रहेको आयोगका सहायक प्रवक्ता डा दिवाकर लुइँटेलले जानकारी दिए।

उनका अनुसार आज (बुधबार) वन तथा वातावरण मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल हुने छ।

बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत यसअघि आयोगले सोमबार गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आइतबार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल गरिसकेको छ।

आयोगका अनुसार विषयगत मन्त्रालय तथा निकायहरूले आगामी आर्थिक वर्षको बजेटका लागि विस्तृत आधारसहितका योजना तथा कार्यक्रम मात्रै प्रस्ताव गर्नुपर्नेछ। विशेषगरी कार्यान्वयनमा जान सक्ने तयारी पूरा भएका र तत्काल परिणाम दिन सक्ने आयोजनालाई बजेटमा समावेश गर्ने नीति लिइएको छ।

**मन्त्रालयहरूले प्रस्ताव पेस गर्दा चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति विवरण अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ । कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको विश्लेषणसमेत पेस गर्नुपर्ने प्रावधान 'चेकलिस्ट' मा राखिएको छ ।**

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षका लागि रूपान्तरणकारी बजेट ल्याउने बताउँदै आएका छन्। सोही अनुसार अर्थ मन्त्रालयको समन्वयमा योजना आयोगले विषयगत मन्त्रालयहरूसँगको छलफलमा प्राथमिकता निर्धारण गरेर मात्रै योजना तथा कार्यक्रम प्रस्ताव गर्न भनेको हो। आयोगका अनुसार चालु आर्थिक वर्षमा सुरु भइसकेका तथा क्रमागत आयोजनालाई पर्याप्त बजेट विनियोजन गरी छिटो सम्पन्न गर्ने रणनीति अपनाइनेछ।

त्यसैगरी मन्त्रालयहरूले प्रस्ताव पेस गर्दा चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति विवरण अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको विश्लेषणसमेत पेस गर्नुपर्ने प्रावधान 'चेकलिस्ट' मा राखिएको छ।

त्यसैगरी, आयोजना बैंकमा समावेश राष्ट्रिय गौरवका आयोजना तथा प्रमुख कार्यक्रमहरूको वर्तमान अवस्था पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। यसले दीर्घकालीन महत्वका आयोजनाको प्रगति मूल्यांकनमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ। सरकारले १६औं योजनासँग बजेटको तालमेल मिलाउन पनि जोड दिएको छ। सोअनुसार, मन्त्रालयहरूले आगामी वर्षका लागि रूपान्तरणकारी रणनीति तथा कार्यान्वयन गर्नुपर्ने प्रमुख कार्यक्रम र आयोजना स्पष्ट रूपमा प्रस्ताव गर्नुपर्नेछ। अर्थ मन्त्रालयले उपलब्ध गराएको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को बजेट सीमा र मध्यमकालीन खर्च संरचनाअनुसार मन्त्रालयहरूले स्रोत र खर्चको यथार्थपरक प्रक्षेपणसहित प्रस्ताव पेस गर्नुपर्नेछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रस्तावित आयोजनामा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, जग्गा प्राप्ति अवस्था, कार्यान्वयन समयतालिका र खरिद योजना अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। साथै, आयोजनाबाट प्राप्त हुने अपेक्षित प्रतिफल पनि स्पष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ।

राष्ट्रिय गौरवका आयोजना तथा बहुवर्षीय आयोजनाहरूमा गरिएको स्रोत सुनिश्चितताको विवरण पनि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। यसले बजेट प्रतिबद्धताको पारदर्शिता बढाउने विश्वास गरिएको छ। सरकारले छिटो प्रतिफल दिने, निर्धारित समय र लागतमा सम्पन्न हुन सक्ने तथा आगामी आर्थिक वर्षमै सम्पन्न हुने आयोजनालाई विशेष प्राथमिकता दिने नीति लिएको छ।

कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्नुपर्नेछ। निरन्तरता दिनुपर्ने, पुनरावलोकन गर्नुपर्ने र खारेज गर्नुपर्ने आयोजनाको स्पष्ट सूचीसहित प्रस्ताव गर्नुपर्नेछ। अधुरा तथा रुग्ण आयोजनाको विवरणसहित पुनर्संरचना वा पुनरावलोकन गर्नुपर्ने योजनाहरू पनि छुट्टै रूपमा प्रस्तुत गर्नुपर्नेछ। यसले लामो समयदेखि अलपत्र रहेका आयोजनाको व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

विगतमा सम्पन्न भइसकेका आयोजनाबाट सिर्जित वित्तीय दायित्वलाई बजेटमा समावेश गरिएको वा नगरिएको विषय पनि अनिवार्य रूपमा खुलाउनुपर्नेछ। आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० अनुसार सङ्घबाट सञ्चालन हुनुपर्ने आयोजना मात्र प्रस्तावमा समावेश भए/नभएको पनि जाँच गरिनेछ।

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटका लागि योजना तथा कार्यक्रम प्रस्ताव गर्न चैत १५ गतेसम्मको समय दिएको थियो। *रासस*

# किमाथांका अरूण जलविद्युत्‌बाट प्रभावितलाई मुआब्जा वितरण

**■ प्रभाव संवाददाता**

**किमाथांका (संखुवासभा)** – किमाथांका अरुण जलविद्युत् आयोजनाका प्रभावितलाई रु १८ करोड बढी मुआब्जा वितरण गरिएको छ। संखुवासभाको भोटखोला गाउँपालिका-२ मा निर्माणाधीन ४५४ मेगावाट क्षमताको किमाथांका अरुण जलविद्युत् आयोजनाका प्रभावितलाई मुआब्जा रकम वितरण भइरहेको छ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई चैत ९ गतेदेखि मुआब्जा वितरण सुरु गरिएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत घाङ्गी लामाले बताए। हालसम्म आयोजना प्रभावित क्षेत्रका २६ जना जग्गाधनीले रु १८ करोड मुआब्जा पाइसकेको आयोजनाका प्रबन्धक अशोक पण्डितले बताए।

प्रभावित स्थानीयलाई करिब ४५ करोड मुआब्जा वितरण गर्नुपर्ने किमाथांका अरुण जलविद्युत् आयोजनाले जनाएको छ। उक्त रकम जलविद्युत् आयोजना निर्माणका लागि जग्गा अधिग्रहणमा परेकाहरूले पाउने छन्। जिल्ला प्रशासन कार्यालयको २०८२ पुस ८ गते बसेको बैठकले प्रतिरोपनी ६ लाख ९० हजारसम्म जग्गाको मूल्यांकन गरेको थियो।

आयोजना निर्माणस्थल क्षेत्रमा साविक भोटखोला-१,३,४ र ६ नम्बर वडामा पर्ने ७०० रोपनी क्षेत्रका १५० घरधुरी प्रभावितले मुआब्जा पाउने छन्। किमाथांका अरुण जलविद्युत् आयोजना विद्युत् उत्पादन कम्पनी लिमिटेडले निर्माणको जिम्मा लिएको छ। भोटखोला-२ चेपुवामा अरुण नदीको पानी ६ किलोमिटर सुरुङ मार्ग निर्माण गरेर विद्युत् गृहस्थल लिङ्गमा लगिने छ। उक्त आयोजनाको लागत करिब रु ९३ अर्ब ८० करोड खर्च हुने अनुमान गरिएको छ।

आयोजनामा ५१ प्रतिशत लगानी नेपाल सरकारको र ४९ प्रतिशत लगानी सर्वसाधारणको रहने व्यवस्था गरिएको छ। आयोजनाले निर्माण सुरु भएको मितिदेखि पाँच वर्षभित्र विद्युत् उत्पादन सुरु गर्ने लक्ष्य लिइएको छ।

**कर्पोरेट**

## ग्लोबल आइएमईले आयोजना गर्ने ह्याकाथनको आवेदन खुल्यो




**काठमाडौं (प्रस)** – ग्लोबल आइएमई बैंक लिमिटेडले प्रविधिको प्रवर्द्धन तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले दोश्रो संस्करणको ह्याकाथन आयोजना गर्न गइरहेको छ। बैंकले गतवर्ष नेपालको बैंकिङ क्षेत्रमा पहिलो पटक एआई/एमएल ह्याकाथन पहिलो संस्करण आयोजना गरेको थियो। बैंकले कृत्रिम बुद्धिमत्ता (एआई) र मेसिन लर्निङ (एमएल) सम्बन्धी ग्लोबल आइएमई एआई/एमएल ह्याकाथन दोश्रो संस्करण २०२६ आगामि मे महिनाको २९-३१ मा आयोजना गर्नेछ।

उक्त प्रतियोगितामा सहभागी हुन प्रविधिमा रुची राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेशाकर्मीहरूका लागि आवेदन खुल्ला गरिएको छ। प्रतियोगितामा सहभागी हुन मे ४, २०२६ भित्र बैंकको वेवसाइट मार्फत् आवेदन दिन सकिनेछ। पहिलो संस्करणमा विद्यार्थी, स्टार्टअप, डेभलपर, डेटा वैज्ञानिक तथा अनुसन्धानकर्ताको उत्साहपूर्ण सहभागिता रहेकोले बैंकले ह्याकाथनको दोश्रो संस्करण आयोजना गर्न लागेको हो।

ह्याकाथन प्रतियोगिताले प्रविधिमा रुची राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेशाकर्मी र सम्भावित नविनतम् प्रविधिमा आधारित बैंकिङ्ग सेवाको विकासमा उल्लेख्य सहयोग पुगेको बैंकको विश्वास छ। यसका साथै यस ह्याकाथनले डिजिटल बैंकिङमा आउने नवीनतम् सेवा विकास र सम्भावित चुनौतिको समाधान खोज्न समेत सहयोग पुग्नेछ।

प्रतियोगितामा सहभागी प्रतिस्पर्धीहरूले दि अटोनोमस क्रेडिट एण्ड लेन्डिङ्ग अर्केस्ट्रेटर, एजेन्टिक फ्रड डिटेक्शन, दि मल्टिलिङ्गुअल भ्वाइस बैंकिङ सहायक, सेन्टिनेल्स अफ द नेटवर्क- एआई ड्रिभन इन्टुजन डिटेक्शन (आईडीएस) लगायत बैंकले तोकेका विषयहरूमा केन्द्रित रही आफ्ना अबधारणाहरू प्रस्तुत गर्नुपर्नेछ। उत्कृष्ट टोलीलाई नगद पुरस्कारका साथै बैंकसँग सहकार्य गर्ने अवसर समेत प्रदान गरिनेछ। प्रविधिमैत्री वित्तीय सेवाहरू प्रवर्द्धन गर्न र डिजिटल बैंकिङ सेवालाई थप प्रभावकारी बनाउदै नविनतम् अबधारणाहरूलाई प्रोत्साहित गर्न यस ह्याकाथनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास बैंकले लिएको छ।

## डिप्रोक्स लघुवित्तको ग्लोवल मनि विक सम्पन्न




**काठमाडौं (प्रस)** – नेपाल राष्ट्र बैंक वित्तीय समावेशीता महाशाखाको निर्देशन बमोजिम यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले बालबालिका तथा युवाहरूमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ हरेक वर्ष झैं यस बर्ष पनि 'स्मार्ट मनि टक्स्' मूल नारासहित ग्लोबल मनि विक सम्पन्न गरेको छ। संस्थाका प्रदेश कार्यालय अन्तर्गत रहेका २२ शाखा कार्यालयहरूमा गरी जम्मा १४९७ जना वालबालिका, यूवा तथा सदस्यहरूलाई चेतनामुलक अभियान मार्फत सम्पन्न भएको छ। यस सप्ताहाव्यापी ग्लोबल मनि विक विद्यार्थी लक्षित अभियानमा बाट बालबालिका, यूवा, सदस्य तथा समग्र समाजमा सकारात्मक सन्देश प्रवाहा भएको विश्वास समेत लिइएको छ।

# लोकप्रिय बन्दै पालुङटारको 'किसानसँग बीउ पैंचो' कार्यक्रम

**■ प्रभाव संवाददाता**

**गोरखा** – जिल्लाको पालुङटार नगरपालिकाले सञ्चालन गरेको 'किसानसँग बीउ पैंचो' कार्यक्रम लोकप्रिय बन्दै गएको छ। आर्थिक वर्ष २०८१/८२ देखि सुरु भएको उक्त कार्यक्रममा हाल पालिकाका अधिकांश किसान आबद्ध रहेका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले बताए।

उनका अनुसार कार्यक्रमअन्तर्गत पालिकाले कृषक, कृषि समूह तथा कृषि सहकारीलाई शतप्रतिशत अनुदानमा बीउ उपलब्ध गराउँदै आइएको छ। पालिकाले किसानको इच्छाअनुसार विभिन्न प्रकारको खाद्यान्न, रैथाने र मसला बालीको बीउ उपलब्ध गराउँदै आएको उनले जानकारी दिए।

'खाद्यान्नअन्तर्गत धान र मकै, रैथाने बालीअन्तर्गत कोदो, फापर, मास र कागुनो तथा मसला बालीअन्तर्गत अधुवा र हलेदोको बीउ उपलब्ध हुन्छ', प्रमुख प्रशासकीय अधिकृत बिसीले भने। बीउ पैंचो कार्यक्रममा कृषकको आकर्षण बढ्दै गएको उनको भनाइ छ।

पालिकाले उपलब्ध गराएको बीउबाट किसानले बीउ उत्पादन गर्नुपर्ने प्रावधान रहेको प्रमुख प्रशासकीय अधिकृत बिसीले बताए। 'निश्चित समयपछि किसानले पालिकाले अनुदानमा उपलब्ध गराएको बीउ पालिकामै फिर्ता गर्नुपर्ने हुन्छ', उनले भने, 'किसानले पालिकाले जतिमात्रामा बीउ उपलब्ध गराएको थियो, त्यति पालिकालाई फिर्ता गरेर बाँकी आफूखुसी बेच्न सक्नुहुन्छ।' यसरी किसानले फिर्ता गरेको बीउ पुनःअन्य किसानलाई उपलब्ध गराएर बीउ पैंचो कार्यक्रम सञ्चालन गर्ने उनले बताए।

'सुरुको वर्षमा किसानलाई आवश्यकपर्ने बीउ बाहिरबाट ल्याउनुपर्ने हुन्छ। विस्तारै यही उत्पादन बढ्न थालेपछि किसानबीच बीउ पैँचोको अभ्यास सुरु हुन्छ', उनले भने। पालुङटारले किसानसँग बीउ पैँचो कार्यक्रमका लागि चालु आव २०८२/८३ मा रु दुई लाख विनियोजन गरेको छ। पालिकाले हाल कार्यक्रम जारी गरेर इच्छुक किसानलाई कार्यक्रममा आबद्ध हुन सूचना प्रकाशन गरिसकेको छ।

गत वर्ष कार्यक्रममा आबद्ध भएका किसानले बीउसमेत फिर्ता गरिसकेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत बिसीले उल्लेख गरे। कार्यक्रम किसानको मागमा आधारित हुन्छ। विशेषगरी पालिकाको रैथाने बाली प्रवर्द्धन गर्न, कृषकको जीविकोपार्जनमा सहयोग पुऱ्याउन र पालिकालाई बीउमा आत्मनिर्भर बनाउन 'किसानसँग बीउ पैँचो' कार्यक्रम सञ्चालन गरिएको पालिकाले जनाएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ